# पहिलो परिच्छेद

# शोधको परिचय

## १.१ शोधको परिचय

हिराधन राई वि.सं. २००८ सालमा खोटाङ जिल्लाको बुइपा गा.वि.स. वडा नं. ३ मा जन्मेका हुन् । उनले बि.ए. सम्मको अध्ययन गरेका छन् । उनले शिक्षण पेसा गर्नुका साथै केही समय निजामती सेवामा अधिकृत तहको समेत सेवा गरे । जीवनको मध्यम कालमा उनले राजनीति पनि गरे । हाल उनी राजनीतिमा भने निस्कृय छन् र मूल रूपमा सिर्जनामा केन्द्रित भएका छन् ।

हिराधन राईले कविता र कथा गरी दुई विधामा आफ्नो साहित्यिक उपस्थिति जनाएका छन् । उनले हालसम्म विभिन्न फुटकर कथा, कविताका साथै **खोलीबुङ** कथासङ्ग्रह वि.सं. २०६५ सालमा प्रकाशित गरेका छन् ।

## १.२ समस्याकथन

हिराधन राईका कथाहरूमा भूगोल, इतिहास, सामाजिक, सांस्कृतिक परिवेशलाई प्रस्तुत भएको छ । साहित्य साधना गर्नुका साथै उनी विभिन्न पेसामा पनि आबद्ध भएका छन् । यस सम्बन्धमा अध्ययन गर्नको लागि निम्न लिखित समस्यामा केन्द्रित भइ गरिएको छ :

(१) हिराधन राईका जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

(२) हिराधन राईका कृति के कस्ता छन् ?

(३) हिराधन राईका साहित्यिक यात्रा तथा प्रवृत्ति कस्ता छन् ?

## १.३ उद्देश्य

माथि उल्लेख गरिएको समस्याको चुरोमा पुगेर हिराधन राईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै यस शोधकार्यको उद्देश्य हो । जुन तल उल्लेखित उद्देश्यहरू राखिएको छ ।

(१) हिराधन राईका जीवनी व्यक्तित्वको विविध पक्षको अध्ययन गर्नु ।

(२) हिराधन राईका कृतिको विस्तृत अध्ययन र विश्लेषण गर्नु ।

(३) हिराधन राईका साहित्यिक यात्रा र प्रवृत्तिको पहिचान गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

हिराधन राई कथाकार र कवि हुन् । उनको बारेमा केही लेख कतै भेटिए पनि उनको साहित्यकार व्यक्तित्व र साहित्यिक कृतिको चर्चा भने गरिएको भेटिँदैन । यस सन्दर्भमा भएको कार्यहरूको कालक्रमिक रूपमा तल चर्चा गरिएको छ ।

धनप्रसाद सुवेदीले **समय** (१÷१, २०५९) पत्रिकामा प्रकाशित गरेका 'खोटाङ्गे साहित्य : संक्षिप्त आँकलन'मा खोटाङको विभिन्न विधाका साहित्यकारहरूको नाम उल्लेख गर्ने क्रममा हिराधन राईलाई सफल कथाकारको रूपमा उल्लेख गरेका छन् । उनको कथा २०३५/०३६ तिर **खोटाङका केही कथा** सामूहिक कथा सङ्कलनमा प्रकाशित भएको जनाएको छ ।

खोटाङका बुइपा गा.वि.स. का मुखपत्रको रूपमा प्रकाशित **गोरेटो** ( १÷१,२०५९) पत्रिकामा प्रकाशित मेम्बर राईको लेख 'बुइपाको संक्षिप्त चिनारीमा' बुइपा गा.वि.स. का साहित्यिक प्रादुर्भाव गर्ने अग्रणी व्यक्तित्वको रूपमा हिराधन राईको नाम उल्लेख गरिएको छ । साथै चमा थुलुङ्ले 'साहित्य : खोटाङको सन्दर्भमा बुइपा' शीर्षकको लेखमा बुइपाको साहित्य निर्माण पुस्ताको पिँढीको रूपमा हिराधन राई भएको भन्दै उनका कविताको पङ्क्ति दिएका छन् ।

वेदीकुमार राईका त्रि.वि. केन्द्रीय नेपाली विभागबाट तयार गरेको स्नातकोत्तर शोधपत्र **नेपाली साहित्यमा खोटाङ जिल्लाका योगदान** (२०६०) मा हिराधन राईलाई साहित्यिक व्यक्तित्वको रूपमा नाम उल्लेख गरेका छन् ।

परशु प्रधानले हिराधन राईको कथासङ्ग्रह **खोलीबुङ** (२०६५) को भूमिकामा खोटाङ जिल्लाका साहित्यिक व्यक्तित्वको रूपमा हिराधन राईलाई उल्लेख गरेका छन् । **खोलीबुङ** भित्रका १६ वटा कथाहरूको विषयवस्तुको संक्षिप्त जानकारी दिँदै ती कथाहरूको विषयवस्तुको आधारमा कथाको प्रवृत्ति उल्लेख गरेका छन् । प्रधानले 'खोलीबुङ', 'चिठी', 'साप्सुको गडतिर' कथालाई द्वन्द्व वा युद्ध कथा, 'अपराधी हात',

'रुटिन बदलियो', 'अजम्बरी फूल', 'पच्चिस वर्ष' कथालाई यौन सम्बन्धी कथा, 'राममति चौतारी र रातकी रानी', 'सागरमति', 'फूल र पथ्थर कथा' लाई आञ्चलिक वा क्षेत्रीय कथा भनि छुट्याएको छ ।

यादेवी ढकालले नेपाली केन्द्रीय विभागबाट गरेकी **खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन** (२०६५) शोधपत्रमा 'खोटाङ जिल्लाका कवि गीतकार र गजलकारहरू' शीर्षकमा हिराधन राईको नाम र जन्ममिति र 'खोटाङ जिल्लाका कथाकारहरू' शीर्षकमा हिराधन राईको कृतिको नाम उल्लेख गरेकी छिन् ।

धनप्रसाद सुवेदीका पुस्तक **खोटाङ विगत र वर्तमान** (२०६६) मा प्रस्तुत 'खोटाङ जिल्लाका साहित्यकार र तिनका कृति' शीर्षकमा हिराधन राई राणाकालको अन्त्यपछिको साहित्यकारको पङ्क्तिमा उल्लेख गर्दै उनका कृतिको विवरण दिएका छन् । यसमा खोटाङमा साहित्यिक सङ्घसंस्था आन्दोलन शीर्षकमा २०४२ सालमा स्थापित पूर्वाञ्चल साहित्यिक प्रतिष्ठानमा हिराधन राई सदस्यको रूपमा रहेको, 'खोटाङ जिल्लाको पत्रकारिताको इतिहास' शीर्षकमा **सगुन** (२०२८), **बिहानी** (२०२८), **खोटाङका केही कविता** (२०३७) पत्रिकाहरूमा सम्पादक रहेको उल्लेख गरेका छन् ।

धनप्रसाद सुवेदीले खोटाङ कला साहित्य महोत्सव (२०६९) मा प्रस्तुत गरेको कार्यपत्रमा **खोटाङ जिल्लाको साहित्य**मा पहिलो पुस्ताको रूपमा हिराधन राईलाई लिएका छन् ।

परशु प्रधानले आफ्नो पुस्तक **जिन्दगीका मोडहरू** (२०७१) मा "खोटाङ्गे परिवेशका शक्तिशाली केही कथा" शीर्षकको संस्मरणमा खोटाङमा सि.डि.ओ. हुँदा लेखिएको कथाहरू खोटाङको तत्कालीन साहित्यिक परिवेश र पृष्ठभूमि उल्लेख गर्ने क्रममा त्यस बेलाको खोटाङका सशक्त साहित्यकारको रूपमा हिराधन राईलाई लिएका छन् ।

माथि उल्लिखित पूर्व साहित्यमा हिराधन राईलाई कथाकारको रूपमा चित्रण गर्ने प्रयास मात्र गरिएको छ । हिराधन राईको साहित्यकार व्यक्तित्व तथा उनका

सिर्जनाहरूको बारेमा कुनै विस्तृत खोज अध्ययन गरिएको छैन । उनको जीवनीको बारेमा पनि अध्ययन भएको देखिँदैन ।

## १.५ शोधकार्यको सीमाङ्कन

हिराधन राई नेपालको सगरमाथा अञ्चल, खोटाङ जिल्लामा जन्मे। उनी सामाजिक कार्यमा लागेका समाजसेवी पनि हुन् । यस अध्ययनमा मुख्य गरेर उनलाई साहित्यिक शक्ति र सीमामा केन्द्रित गर्नुका साथै जीवनी र व्यक्तित्वको पनि चर्चा गरिएको छ। यसरी उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन गर्नु नै यस शोधकार्यको सीमा हो ।

## १.६ शोधविधि

यस शोधकार्यमा अनुसन्धानको विविध विधिमध्ये सामग्री सङ्कलन अन्तर्गत आवश्यकता अनुसार पुस्तकालय विधि, प्रत्यक्ष वार्ता, टेलिफोन वार्ता, प्रश्नावली, इमेल, इन्टरनेट, फ्याक्स, कुरियर सेवा, टेप रेकर्डर आदिको उपयोग गरिएको छ। यसरी सङ्कलित उक्त सामग्रीलाई तालिकीकरण गरी निगनात्मक विधिको प्रयोग गरी हिराधन राईको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गरिएको छ भने कृतिको विश्लेषण भने तत्त्वको आधारमा गरिएको छ ।

## १.७ शोधको रूपरेखा

पहिलो परिच्छेद : शोधको परिचय

दोस्रो परिच्छेद : हिराधन राईको जीवनी

तेस्रो परिच्छेद : हिराधन राईको व्यक्तित्व

चौथो परिच्छेद : हिराधन राईको साहित्यिक यात्रा

पाँचौँ परिच्छेद : हिराधन राईको कृतिहरूको विश्लेषण

छैटौँ परिच्छेद : हिराधन राईका कथागत प्रवृत्ति

सातौँ परिच्छेद : सारांश र निष्कर्ष

परिशिष्ट

सन्दर्भसामग्रीसूची

## दोस्रो परिच्छेद

# हिराधन राईको जीवनी

### २.१ जन्म र जन्मस्थान

हिराधन राईको जन्म वि.स. २००८ सालमा खोटाङ जिल्लाको बुइपा गा.वि.स. वडा नं. ३ मा भएको हो । उनका बाजे जगध्वज राई र बुबा पूर्णबहादुर राई हुन् ।[1]

### २.२ बाल्यकाल र स्वभाव

खोटाङ जिल्ला पहाडी क्षेत्रमा पर्दछ। यसले गर्दा त्यस समयमा त्यहाँ विकासका पूर्वाधारहरूले छोएको थिएन । यस्तो अवस्थामा उनका घरपरिवार गरिबीले अवश्य छोएको थियो ।[2] उनलाई बाल्यकालबारेमा जिज्ञासा राख्दा उनी यसरी व्यक्त गर्दछन् - "अत्यास लाग्दो गरिबी, घोर अज्ञानता र पछ्यौटेपनको छटपटीपूर्ण वातावरणको बिचमा पनि बच्चा हुनुको कारणले आमाको काख र बुबाको संरक्षकत्वमा आनन्दको अनुभूतिमा बित्यो । अभाव नै भए पनि सम्पूर्णता प्राप्तिको अनुभूति गर्दै र दण्डीबियो खेलेर बित्यो ।" यसरी हेर्दा उनको बाल्यकालमा समयमै शिक्षा प्राप्त गर्ने सुअवसर उनमा भएन। घाँस, गोठाला, खेताला, मेलापात जस्ता कृषिजन्य वातावरणमा उनको बाल्यकाल अभावपूर्ण आर्थिक अवस्थामा भए पनि आमाको माया र बाबुको संरक्षकत्व अनि गाउँले साथीभाइसँग खेल्दै रमाउँदै बितेको देखिन्छ ।

### २.३ शिक्षा

नेपालमा शिक्षाको विकास राणा शासनको अन्त्य (वि.सं. २००७) पश्चात् भयो । त्यस समयमा पहाडी क्षेत्रमा यदाकदा मात्र विद्यालय खुलेको थियो । जसले गर्दा शिक्षा आर्जनमा कठिनाइ थियो । उनी जन्मेको ठाउँमा वि.सं. २०१३ सालमा चम्पावती स्कुल स्थापना भएको थियो । खोटाङ जिल्लामा सबैतिर यस्तो शिक्षाको सुविधा थिएन । यही विद्यालयमा उनी पढे । वि.सं. २०२६ सालमा एस.एल.सी. पास गरे । त्यसपछि

---

[1] हिराधन राईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[2] ऐजन ।

महेन्द्र क्याम्पस धरानबाट २०२८ सालमा प्रमाण पत्र तह र २०३० सालमा स्नातक तह उत्तीर्ण गरे ।[३]

## २.४ वैवाहिक सम्बन्ध

हिराधन राईको युगल जीवनको प्रारम्भ २०३१ सालमा बुइपा गा.वि.स. कै सुना राईसँग कायम भयो । यी जोडाहरू आजसम्म पनि दुःख, सुख, एकअर्कामा सहयोग र शुभेच्छाका साथ सँगै बाँचिरहेका छन् ।

## २.५ सन्तानहरू

हिराधन राई र सुना राई यी युगल जोडाको एक छोरी र दुई छोराहरू गरी ३ सन्तानहरू छन् । यी सन्तानहरूमध्ये वैवाहिक जीवन गाँसिसकेकी छोरी सुष्मा राईको स्वर्गारोहण भइसकेको छ भने दुई छोराहरू भुषण राई र चेतन राई छन् । यी दुई छोरामध्ये जेठो छोरो भुषण राई सिङ्गापुरको सिपाहीमा कार्यरत रहेको छ ।

## २.६ जागिरे जीवन

हिराधन राईले वि.स.. २०३१ सालमा हवाइ विभाग अन्तर्गत फायर स्टेसनमा फायर अफिसरको रूपमा जागिर प्रारम्भ गरे । यस क्षेत्रमा डेढ वर्ष काम गरेपछि उनी आफू पढेको विद्यालय चम्पावती माध्यमिक विद्यालयमा शिक्षक भइ अध्यापन गरे । अध्यापनमा संलग्न हुँदा तत्कालीन नेपाल सरकारले गठन गरेको “गाउँफर्क अभियान” जिल्ला समिति खोटाङको सदस्य सचिव पदमा शिक्षकको लियनपदमा रहने गरी शिक्षकमा नियुक्ति भए । यो अभियान वि.सं. २०३६ सालमा विघटन भएपछि पुनः आफ्नो शिक्षक पेसामा फर्किएर अध्यापन पेसामा करिब आठ/नौ वर्ष संलग्न रहे ।[४] यसरी उनको जागिरे जीवन पाँच वर्षको रह्यो ।

## २.७ साहित्य सिर्जनाको प्रेरणा र प्रवेश

सिर्जना प्रतिभा आर्जित होइन प्रस्फुटित हो । मानव जीवनको काख यिनै प्रकृति नै हो भने साहित्यको पनि प्रेरणाको स्रोत पनि यही प्रकृति नै हो । हाम्रो आँखा लुक्ने प्राकृतिक दृश्यहरू, मन मुटुमा भिज्ने प्रेम, माया, सद्भाव, शुभेच्छाहरू नै साहित्यको

---

[३] ऐजन ।

[४] ऐजन ।

स्रोत हो । हिराधन राईले सिर्जनामा यिनै प्रेरणाको साथै स्कुल र कलेज पढ्दाको साहित्यिक माहोलबाट प्रेरणा प्राप्त गरी साहित्यमा प्रवेश गरे । जसलाई यहाँ उनकै भाषा र भाकामा राखिएको छ :[५]

> पहाड आफैमा सुन्दर हुन्छ । डाँडा, गैऱ्हा, भीर, टार, खोला, छाँगा, जङ्गली फूल र चराहरूको गीत, पुतलीको नाच र काफल पाकेको रङ्ग सायद बाल्यकालदेखि नै आँखाले यही देख्दै र भोग्दै आयो । साहित्यमा लेखनको प्रभाव त्यसरी नै रोपियो होला ............... ।

यसरी हेर्दा हिराधन राईका साहित्य सिर्जनाका प्रेरणाहरू प्रकृतिको सुन्दरता, मानवीय संवेदना र उनका आफ्नो कवित्व भावनालाई लिन सकिन्छ ।

### २.८ साहित्यको लेखन प्रारम्भ

हिराधन राईले लेखनको प्रारम्भ कविता विधाबाट गरे । उनले महेन्द्र कलेज धरानबाट ०२६ सालतिर प्रकाशित भएको मुखपत्र **छाया** पत्रिकामा प्रथम पटक कविता छपाए ।[६] यस कविताले उनलाई साहित्य फाँटमा सार्वजनिक गरे तापनि वि.सं. २०२४/०२५ सालतिर विद्यालय पढ्दादेखि नै लेखन आरम्भ गरेका थिए । उनी विद्यार्थी जीवनमा विद्यालयमा आयोजित साहित्यिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन्थे । उनको साहित्य प्रतिभा विद्यालयमा हुने साहित्यिक गोष्ठीमा सिर्जना वाचनबाट हुन गयो ।

### २.९ लेखनका विधाहरू

वि.सं. २०२४/०२५ सालदेखि साहित्य कविता सिर्जना र वाचन गर्न प्रारम्भ गरेका हिराधन राईका लेखनका विधाहरू कविता र कथा हो । वि.सं. २०२६ सालमा छाया पत्रिकामा कविता प्रकाशन[७] गरेर कवि प्रतिभाको रूपमा आफूलाई सार्वजनिक गरेका हिराधन राईले कथा लेखनको आरम्भ वि.सं. २०३५/०३६ तिरको **खोटाङका केही कथाहरू** सामूहिक कथासङ्ग्रहमा प्रकाशित भएबाट हुन्छ । यसका साथै उनले

---

[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।

साहित्यिक कृतिहरूको शुभकामना तथा भूमिका पनि लेखेका छन् । यसको उदाहरणको रूपमा पुरण राई कविता सङ्ग्रह **मेरो देशको भूगोल** (२०६१) मा "शुभकामना" शीर्षकमा कविताहरूको संक्षिप्त एक भूमिका लेखेका छन् । यसबाट उनको निबन्ध लेखन र समालोचना लेखनको क्षेत्र समेत रहेको जानकारी हुन्छ ।

## २.१० प्रकाशित कृति

हिराधन राईका कृतिहरू हालसम्म खोलीबुङ कथासङ्ग्रह प्रकाशित मात्र प्रकाशित भए पनि अर्को कथासङ्ग्रह र कवितासङ्ग्रह प्रकाशनको तयारीमा रहेको छ । स्वयम् शोध नायकका अनुसार कथा सयवटा जति र कविताहरू १०० जति रहेको छ ।[८]

## २.१० फुटकर सिर्जनाहरू

हिराधन राईका फुटकर सिर्जनाहरू कविता र कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यस्ता सिर्जनाहरू सबै उपलब्ध नभए पनि प्राप्त भए अनुसार निम्न अनुसारको कालक्रममा राखिएको छ :[९]

| **शीर्षक** | **विधा** | **प्रकाशित स्रोत** |
|---|---|---|
| आगो र आँसु | कविता | **सगुन**, वर्ष १३, पूर्णाङ्क २२ |
| भोक, नयाँ वर्ष र एक छाक | कविता | **नयाँ कदम** वर्ष २१, पूर्णाङ्क ४, २०५८ पृष्ठ १२३ |
| मेरो मान्छे | कविता | **कदम** वर्ष १७, पूर्णाङ्का २, २०५३ |
| देशको माया | कविता | **नयाँ कदम,** वर्ष १६, पूर्णाङ्क २, २०५४ |
| रुटिन बदलियो | कथा | **समय**, वर्ष २, अङ्क ४, २०५९, पृ. ५-७ |
| बिच बाटो | कथा | **रचना**, वर्ष ५१, पूर्णाङ्क ११५, २०६३, पृ. १६-२१ |
| बिरामी नं. १५ | कथा | **नारी स्वर**, वर्ष ६, पूर्णाङ्क १८, २०६६, पृ. १९-२६ |
| हाम्रो मातृभूमि | कथा | **हेटौडा**, अङ्क ४, पूर्णाङ्क २२, २०६७ |
| बन्द कोठाहरू | कथा | **सगरमाथा वाङ्मय**, वर्ष १, अङ्क १, २०६८, पृ. |

[८] ऐजन ।
[९] ऐजन ।

| | | |
|---|---|---|
| | | ५६-६० |
| साँच्चिकै तर्किला घर फर्की | कथा | **रावासावा** (स्मारिका), २०६८, पृ. २०-२४ |
| चिसिएको सम्बन्ध | कथा | **अभिव्यक्ति**, वर्ष ४२, पूर्णाङ्क १५४, २०६८ |
| भकुण्डो | कथा | **रचना**, वर्ष १३, पूर्णाङ्क २२, २०६९ |
| शङ्कर काका | कथा | **अभिव्यक्ति**, वर्ष ४३, पूर्णाङ्क १६४, २०६९, पृ. ५६-६० |
| फूलको जोवन | कथा | **मधुपर्क**, वर्ष ४४, अङ्क ३, पूर्णाङ्क ५१८, २०६९, पृ. ४१-४४ |
| खडेरी | कथा | **स्रष्टा दर्पण**, वर्ष ५, अङ्क २, पूर्णाङ्क १७, २०७०, पृ. ५-८ |

### २.११ सम्पादन

हिराधन राईले विभिन्न साहित्यिक पत्रिकाको सम्पादन गरेका छन् । उनले सम्पादन गरेका यी पत्रिकाहरू २०२८ साल र २०३६ साल हो । यस समयमा आजजस्तै प्रकाशन गर्न र आर्थिक जुटाउन सहज थिएन । न त वितरण गर्न नै सहज थियो । **बिहानी** पत्रिका प्रकाशन प्रारम्भ शोधनायक धरानमा क्याम्पस पढ्न जाँदा त्यहीबाट प्रकाशित गरेका थिए । यी पत्रिका दुई अङ्कसम्म प्रकाशित भएपछि निस्क्रिय हुन पुग्यो । यस सन्दर्भमा शोधनायक राई यसो भन्छन् : “विद्यार्थीले सधैं भोग्नुपर्ने आर्थिक सङ्कट सामना गर्दै भए पनि दुई अङ्कसम्म निकाल्यौं । पछिबाट आर्थिक सङ्कटकै कारणले अल्पायुमा नै **बिहानी**को मुख छोपियो ।”[१०] यसपछि उनी खोटाङ आफ्नो गृह जिल्ला फर्किएपछि २०३६ सालमा अर्का साहित्यिक पत्रिका सम्पादन गरे । यस समयमा भने तत्कालीन खोटाङ जिल्लाको प्रमुख जिल्ला अधिकारी परशु प्रधानको सहयोग र सहकार्यमा केही सहज वातावरणमा सम्पादन तथा प्रकाशन कार्य गरे । यसरी हिराधन राईले सम्पादन कार्य समेत गरेका छन् ।

[१०] ऐजन ।

## २.१२ संस्थागत संलग्नता

हिराधन राईले साहित्यसिर्जनाका साथै विभिन्न सङ्घसंस्थामा आबद्ध भइ समाजसेवा पनि पुऱ्याएका छन् । उनी संलग्न रहेको संस्था र संस्थागत विशिष्टता निम्न अनुसार उल्लेख गरिएको छ ।[११]

| | **संस्था** | **पद** |
|---|---|---|
| (क) | नेपाल रेडक्रस सोसाइटी, खोटाङ - | आजीवन सदस्य |
| (ख) | स्रष्टा समाज नेपाल - | आजीवन सदस्य |
| (ग) | रावासावा प्राज्ञिक समाज, काठमाडौँ - | आजीवन सदस्य |

यसका साथै उनी अन्य संस्थाहरूमा सल्लाहकार पनि रहेको छ ।

## २.१३ सम्मान तथा पुरस्कार

हिराधन राईले साहित्य, शिक्षा, समाजसेवा आदि क्षेत्रमा योगदान पुऱ्याएका छन् । यस बापत उनलाई नेपाल सरकारको साथै विभिन्न सङ्घ संस्थाहरूले पदक सम्मान तथा पुरस्कार प्रदान गरेको छ । यसको विवरण तल उल्लेख गरिएको छ ।[१२]

(क) पदक

सेवा पदक - २०३४, नेपाल सरकार

जनमतसङ्ग्रह पदक - २०३७, नेपाल सरकार

(ख) सम्मान

सेवा समाज सम्मान - २०६८

(ग) पुरस्कार

रावासावा प्राज्ञिक पुरस्कार - २०६८, रावासावा प्राज्ञिक समाज, काठमाडौँ

## २.१४ आर्थिक अवस्था

हिराधन राईले छोटो समय जागिर गरे । त्यसैले पेन्सन भएन । पेसाबाट राजिनामा दिएर राजनीति पनि गरे । यसमा उनलाई धेरै हदमा नभए पनि केही हदमा आर्थिकले साथ भने दिए । उनका हाल खोटाङको बुइपा गा.वि.स. वडा नं. ३ मा

---

[११] ऐजन ।
[१२] ऐजन ।

दुईवटा पहाडी पाराको जस्ताको छाना भएको घर र डेढ सय रोपनी खेतबारी छ भने ललितपुर टिका थलीमा दुई तले पक्की घर रहेको छ ।[१३] उनका जेठो सुपुत्र सिङ्गापुर आर्मी भएको कारणले पनि उनलाई आर्थिक रूपमा सहज भएको देखिन्छ । यसरी हेर्दा उनलाई आर्थिक रूपमा सफल साहित्यकार मान्न सकिन्छ ।

## २.१५ दुःखसुखका क्षणहरू

मानव जीवनमा सुख र दुःख अवश्य हुन्छन् । कतिलाई अभाव र गरिबीभित्रको कारुणिक दुःख, कसैलाई परिस्थितिको हुन्छ भने जीवनस्तर र भोगाइ अनुसार सुखका दिनहरू पनि आउँछन् । लेखक तथा साहित्यकार राष्ट्र र समाजका सचेतक, शुभ चिन्तक र जिम्मेवार व्यक्तित्वहरू हुन् । उनीहरूमा परिस्थितिका बढी पीडाहरू हुने गर्छन् । हिराधन राई लेखक र साहित्यकार हुन् । उनमा परिस्थितिको दुःखसुखका क्षणहरू छन् । उनकै भाषामा यहाँ उल्लेख गरिएको छ :[१४]

“सुखका दिन त आउँदै जाँदै गरे । बेस्मारी रमाउने गरी कुनै सुखका दिनहरू मेरा जीवनमा नआएको नै हो । दुःखहरू धेरै भेलियो । ०६७ असार १९ गते मेरी छोरी सुष्मा राई ३३ वर्षको उमेर सदाका लागि बिदा गर्नु पर्दाको पीडा सधैँ दुःख र पीडाको क्षण हो ।”

## २.१६ साहित्य र समाजप्रति हिराधन राईका अवधारणा

हिराधन राई साहित्यकारका साथै विगतका दिनहरूमा राजनैतिककर्मी तथा शिक्षक पनि हुन् । उनका जन्मस्थान खोटाङ जिल्लाको बुइपा गा.वि.स. हो । यस गा.वि.स.लाई खोटाङ जिल्लाको साहित्यिक र शैक्षिक हिसाबले पुरानो र उर्वर मानिन्छ । यस सन्दर्भमा उनीसँग महत्त्वपूर्ण विचार र सूचना भएकाले यहाँ प्रस्तुत गरिएको छ ।

हिराधन राई बुइपाको इतिहास निर्माण पुस्ताका साहित्यकार तथा नेपाली साहित्यका आधुनिक समाजवादी साहित्यकार हुन् । बुइपाका साहित्यकारहरूमा हिराधन राई, जसराज किराती, धनराज राई, भक्तकुमार श्रेष्ठ, देवराज ढकाल पहिलो तथा पुरानो पुस्ताको साहित्यकार हुन् । सङ्गीत क्षेत्रका नरेन्द्र श्रेष्ठ, धनराज राई हुन् ।

---

[१३] ऐजन ।
[१४] ऐजन ।

पछिल्लो पुस्ताका सङ्गीत क्षेत्रमा ख्याती कमाएका राजेश पायल राई, पार्वती राई, सरला राई, राई नवीन, पावल चाम्लिङ यसै गा.वि.स.का हुन् । यसरी हिराधन राईका पुस्ता बुइपाका साहित्य सङ्गीतका प्रेरक पुस्ता मानिन्छ ।

हिराधन राई साहित्यलाई मानव, मानव संवेदना र प्रकृतिको सुन्दरतम विविधताको उपजको रूपमा लिन्छन् । साहित्य समाजको यथार्थ र सत्य मार्गचित्र भएकाले साहित्य समाजको लागि महत्त्वपूर्ण हुने पक्षमा उनी छन् । साहित्यप्रति उनको धारणा यस्तो रहेको छ :[१५]

> भोगेको, अनुभव गरेको विचारलाई कलात्मक अभिव्यक्तिले स्थापना गराउनु साहित्य लेखन हो भन्ने लाग्छ । सायद त्यसरी नै लेखिन्छ होला । समाजको वास्तविकता र कल्पनाको रङ्ग जोडेर साहित्यको निर्माण हुन्छ ।

साहित्य समाजका पक्षमा हुने, समाजमै जन्मिने र समाज मै रहने भन्ने धारणा शोधनायक हिराधन राईको रहेको छ । यस सन्दर्भमा शोध नायक हिराधन राईको समाज र साहित्यप्रतिको दृष्टिकोण यस्तो रहेको छ :[१६]

> बाँच्दा आँखै अगाडि अनेकौ घटना, परिवेश, चरित्र र विचारहरू छन् । तिनैलाई टिपेर कलात्मक सत्यले सम्प्रेषण गर्नु साहित्य लेखन हो । यसर्थ साहित्य लेख्नु समाजको अभावमा सम्भव छैन । समाजको ऐना उतार्ने प्राज्ञिक सम्बोधन नै साहित्य हो ।

हिराधन राई एक साहित्यकारको रूपमा रहेको कुरा उनका कृति र साहित्यमाथिको दृष्टिकोणबाट प्रस्ट हुन्छ । उनी बुइपा खोटाङमा जन्मे त्यहीँ हुर्के त्यहीँको विद्यालयमा शिक्षा आर्जन गरे । हाल उनी पाँच/छ वर्षदेखि काठमाडौँमा बस्दै आएका छन् । यहाँ उनको स्थायी बसोवास भए पनि पुर्ख्यौली जन्म थलोमा घर, जग्गा, सुरक्षित राखेका छन् र गाउँघरप्रति माया र व्यवहार पहिला जस्तै नै राख्दै आएका छन् ।

---

[१५] ऐजन ।
[१६] ऐजन ।

## तेस्रो परिच्छेद

# हिराधन राईको व्यक्तित्व

हिराधन राईले लेखनका अतिरिक्त विभिन्न कर्म र पेसा पनि गरेका छन्। यसका साथै उनी सामाजिक, राजनैतिक क्षेत्रमा पनि संलग्न छन्। यसरी हेर्दा उनका व्यक्तित्वहरू बहुआयामिक रहेको छ। उनका यस्ता व्यक्तित्वहरूलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ।

### ३.१ साहित्यकार व्यक्तित्व

यस शोधमा हिराधन राईको यही साहित्यिक व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गरिएको छ। उनले साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन्। उनका लेखनका क्षेत्रबाट नियाल्दा उनका कवि र कथाकार व्यक्तित्वहरू रहेको देखिन्छ।

### ३.१.१ कवि व्यक्तित्व

हिराधन राईको साहित्यलेखनको आरम्भ कविताबाट भएको हो। उनले २०२४/०२५ सालमा आफ्नै गा.वि.स. को विद्यालय चम्पावती मा.वि. मा पढ्दा त्यस विद्यालयमा हुने अतिरिक्त कार्यक्रम कविता गोष्ठीमा कविता वाचन गर्नका लागि कविता लेखन गरे र यहींबाट उनको कविता लेखन आरम्भ हुन्छ। उनको कविताको छुट्टै पुस्तक नआए पनि सयभन्दा बढी कविताहरूको पाण्डुलिपि तयार रहेको भेटको क्रममा भएको कुराकानीमा[१७] जनाएका छन् भने आधा दर्जन कविताहरू विभिन्न पत्रिकामा प्रकाशित रहेको छ। यसले गर्दा उनलाई कवि व्यक्तित्व मान्नुपर्दछ।

### ३.१.२ कथाकार व्यक्तित्व

हिराधन राईको लेखनको मुख्य विधा कथा नै रहेको छ। राईले कथालेखनको आरम्भ वि.सं. २०३५/०३६ देखि गरेको देखिन्छ। यही मितिमा उनको कथा **खोटाङका केही कथाहरू** सामूहिक कथासङ्ग्रहमा प्रकाशित भएको देखिन्छ। उनका **खोलीबुङ** कथासङ्ग्रह वि.सं. २०६५ मा प्रकाशित भएको छ। यसभित्र १६ वटा कथाहरू छन् भने विभिन्न पत्रपत्रिकामा दर्जन कथाहरू प्रकाशित भएको छ। यसका साथै सय वटा जाति कथाहरूको सङ्ग्रह प्रकाशनको तयारीमा रहेको छ। यसरी हेर्दा उनका कथाकार व्यक्तित्व पहिचान हुन्छ।

---

[१७] ऐजन।

### ३.१.३ सम्पादक व्यक्तित्व

हिराधन राईले महेन्द्र कलेज धरानमा पढ्दा वि.सं. २०२८ मा **बिहानी** नामक साहित्यिक पत्रिकाको सम्पादन तथा प्रकाशन बम थुलुङ र खेमराज खनालसँग गरेका थिए । यसपछि आफ्नै जिल्ला खोटाङमा वि.सं. २०३६ सालमा तत्कालीन प्रमुख जिल्ला अधिकारी परशु प्रधानको प्रकाशनको लागि आर्थिक सहयोगमा सामूहिक कविताहरूको पुस्तक सम्पादन गरे ।[१८] यसरी हेर्दा उनीभित्र एक सम्पादक व्यक्तित्व रहेको देखिन्छ ।

## ३.२ साहित्येतर व्यक्तित्व

हिराधन राईले साहित्य सिर्जनाको साथै प्रशासनिक, शैक्षिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा कार्य गरेका छन् । उनका यस्ता साहित्येतर व्यक्तित्वलाई तल उल्लेख गरिएको छ :

### ३.२.१ प्रशासक व्यक्तित्व

वि.सं. २०३१ सालमा हिराधन राईले हवाइ विभाग अन्तर्गत फायर स्टेसनमा फायर अफिसरको जागिर गरे ।[१९] यस दृष्टिले हेर्दा उनी अधिकृत तहका प्रकाशक व्यक्तित्व मान्न सकिन्छ ।

### ३.२.२ शिक्षक व्यक्तित्व

हिराधन राईले फायर स्टेसनमा जागिर गर्दागर्दै डेढ वर्षपछि आफू पढेको विद्यालय चम्पावती मा.वि.मा शिक्षण पेसा गर्न पुगे । यहाँ २०३४ सालदेखि २०३६ सालसम्म काम गरे । यसबाट उनी शिक्षण व्यक्तित्व भएको जानकारी हुन्छ ।

### ३.२.३ अभियन्ता व्यक्तित्व

वि.सं. २०३६ सालमा राजनैतिक परिवर्तनको याम थियो । वि.सं. २०२४ सालदेखि गाउँ फर्क अभियान राज्यस्तरबाट चलेको थियो ।[२०] यसै क्रममा हिराधन राईले वि.सं. २०३६ सालमा “गाउँ फर्क राष्ट्रिय अभियान जिल्ला समिति” खोटाङको सदस्य सचिवका रूपमा तत्कालीन सरकारको तर्फबाट कार्य गरे ।[२१] यसले उनका राजनैतिक अभियन्ता भएको जानकारी प्राप्त हुन्छ ।

---

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] तोपबहादुर सिंह, **नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू**, (काठमाडौँ : पैरवी प्रकाशन, २०६६), पृ. २८९ ।

[२१] हिराधन राईसँग लिएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

### ३.२.४ राजनैतिक व्यक्तित्व

हिराधन राईको राजनीति क्याम्पस पढ्ने क्रममा सुरुवात भयो । हिराधन राई लगायत वाम विचारधाराका साथीहरूसँग खोटाङ जिल्लामा वामपन्थीको विजारोपण पनि गरे । वि.सं. २०४३ सालमा जनपक्षीय उमेद्वारको नाममा जिल्ला पञ्चायतको सभापति पदमा चुनाव लडे । तर उनी ३० मतको अन्तरले पराजित हुन पुगे ।[२२] यसरी हेर्दा उनी कम्युनिस्ट धाराका राजनीतिक व्यक्तित्व भएको देखिन्छ ।

### ३.२.५ समाजसेवी व्यक्तित्व

हिराधन राईले वि.सं. २०३६ सालमा जागिरबाट राजिनामा दिए । यसपछि उनी राजनीतिमा प्रवेश गरे । वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको आगमन भयो । उनी घरव्यवहारमा व्यस्त रहने बाध्यतामा परे । यसपछि राजनीतिबाट निस्क्रिय हुँदै गए । जागिर र राजनीतिबाट टाढा भएपछि सामाजिक सेवामा आफ्नो दिनहरू भुलाउन थाले । उनी सामाजिक संस्थाहरूका सल्लाहकार, आजिवन सदस्य अहिले पनि छन् भने विभिन्न व्यक्ति तथा संस्थाहरूलाई आर्थिक सहयोग पनि उनले प्रदान गर्दै आएका छन् । यसले उनको समाजसेवी व्यक्तित्व निर्धारण हुन जान्छ ।

### ३.२.६ प्रेरक व्यक्तित्व

हिराधन राई लगायत जसराज किराती, भक्तकुमार श्रेष्ठ, धनराज राई, देवराज ढकाल, हरिभक्त श्रेष्ठ आदि व्यक्तित्वहरू बुइपाको साहित्यको प्रारम्भ र विकास गर्ने पहिलो पुस्ता हुन् । उनीहरूकै प्रेरणा र प्रशिक्षणमा ठुले राई, सुकराज राई, देव विक्रम राई, सुरेशचन्द्र राई, उत्तमकुमार राई, रमेशचन्द्र राई, रेखा राई, पुरण राई, विष्णु श्रापित लगायतले सिर्जना गरे भने राजेश पायल राई, पार्वती राई, सरला राई, राई नवीन, पावल चाम्लिङहरू गायन सङ्गीत क्षेत्रमा अघि बढे । यसरी हेर्दा बुइपाको साहित्य सङ्गीतको फाँटमा पहिलो पुस्तामा रहेको हिराधन राई प्रेरक व्यक्तित्व समेत भएको देखिन्छ ।

### ३.२.७ सम्मानित तथा पुरस्कृत व्यक्तित्व

हिराधन राईले तत्कालीन सरकारबाट सेवा पदक २०३४, जनमत सङ्ग्रह पदक २०३७, रावासावा प्राज्ञिक समाजबाट रावासावा प्राज्ञिक पुरस्कार २०६८ र खोटाङ सेवा समाजबाट सेवा पुरस्कार २०६८ प्राप्त गरेका छन् । यसले उनी सम्मानित तथा पुरस्कृत व्यक्तित्व भएको जानकारी हुन्छ ।

---

[२२] ऐजन ।

हिराधन राईको संस्थागत संलग्नता र योगदानलाई माथि उल्लेख गरे अनुसार हेर्दा उनी बहुआयामिक व्यक्तित्व भएको देखिन्छ। वर्तमानमा उनको साहित्यकार व्यक्तित्व बढी सक्रिय र सार्थक रहेको छ। अहिले उनी नयाँ कथासङ्ग्रह र कवितासङ्ग्रह प्रकाशनको लागि जुटिरहेका छन्। यसैगरी सामाजिक सेवा, साहित्यिक कार्यक्रमहरूमा सक्रिय सहभागी भइरहेका छन्। यसरी हिजादेखि आजसम्मको उनको व्यक्तित्वहरू बहुआयामिक रहेको सिद्ध हुन्छ।

## ३.३ जीवनी र व्यक्तित्वबिच अन्तर्सम्बन्ध

हिराधन राई वि.सं. २००८ सालमा खोटाङको बुइपा गा.वि.स. मा जन्मे। उनले बि.ए. सम्मको शिक्षा आर्जन गरेका छन्। महेन्द्र कलेज धरानमा अध्ययनरत हुँदा वि.सं. २०२६ सालतिर छायाँ पत्रिकामा कविता छपाइ साहित्य सिर्जनामा प्रवेश गरे। उनका एउटा कथासङ्ग्रह, दर्जनौं फुटकर कथा र कविताहरू छन्। यसले उनका साहित्यकार व्यक्तित्व निर्माण भएको छ। उनले सिर्जनाका अतिरिक्त **बिहानी** पत्रिकाको विभिन्न अङ्कहरू पनि सम्पादन गरेका छन्। यसले उनका सम्पादक व्यक्तित्व पनि झल्काएको छ। उनले नेपाल सरकारको हवाइ सेवा विभागमा अधिकृत सरहको जागिर खाइ प्रशासनिक व्यक्तित्वको रूपमा र शिक्षा क्षेत्रमा शिक्षण पेसा गरेकाले शिक्षक व्यक्तित्वको रूपमा पनि आफूलाई स्थापित गरेको छ। यसै गरी कम्युनिस्ट राजनीतिमा रहेर काम गरेकाले उनी एक राजनीतिक व्यक्तित्व पनि हुन्। उनले साहित्य सिर्जना, सामाजिक सेवा लगायतका क्षेत्रमा प्रेरक भूमिका निर्वाह गरेका छन्। यसबाट उनी एक प्रेरक व्यक्तित्व पनि हुन्।

हिराधन राईले माथि उल्लेखित कार्य गर्नुका साथै साहित्य साधना पनि निरन्तर रूपमा गरिरहेका छन्। उनका यस्ता योगदानका क्षेत्र र व्यक्तित्व निर्माणका क्षेत्र निरन्तर रूपमा थपिँदै गइरहेको छ। हालसम्मका उनको जीवनी र व्यक्तित्व सम्बन्धी अध्ययन गर्दा देखिएका उनका जीवनी र व्यक्तित्व बीचको अन्तर्सम्बन्धलाई यसरी हेर्न र जोड्न सकिन्छ।

# चौथो परिच्छेद

# हिराधन राईको साहित्ययात्रा

हिराधन राई खोटाङ जिल्लाको बुइपा गा.वि.स. मा जन्मे । त्यहीँ हुर्के र त्यही शिक्षा आर्जन र साहित्यलेखनको अभ्यास गरे । उनको साहित्यलेखनको यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

पहिलो चरण : अभ्यासकाल (सुरुदेखि २०६४ सालसम्म)

दोस्रो चरण : विकास तथा विस्तारकाल (२०६५ देखि हालसम्म)

## ४.१ पहिलो चरण

हिराधन राईको प्रायः जसो शिक्षाको आर्जनसँगै सिर्जनाको मूल फुटेको देखिन्छ । उनको साहित्यसिर्जना आरम्भ विद्यालयमा अध्ययन गर्ने क्रममा नै भएको देखिन्छ । उनले आफू पढ्ने विद्यालयको अतिरिक्त कार्यक्रम अन्तर्गत कविता गोष्ठी प्रतियोगितामा कविता वाचन गर्न वि.सं. २०२४/०२५ सालतिर कविता लेखन सुरु गरे ।[२३] त्यसबेला बुइपामा आज जस्तै पत्रिका प्रकाशित हुन्थेन । त्यसैले ती कविताहरूले प्रकाशनको अवसर पाउन सकेन । विद्यालयका कविता गोष्ठी कार्यक्रमका अतिरिक्त अन्य कविताहरू पनि उनले लेखेका थिए । ती कविताहरू चाङ बनाएर पहाड खोटाङ बुइपाको घरमा राखेका थिए । काठमाडौँ बसाइँ सराइ आउने क्रममा ती सबै हराएर गए । वि.सं. २०२६ सालमा धरानमा क्याम्पस पढ्न जाने क्रममा महेन्द्र कलेज धरानको मुखपत्र **छाया** मा कविता प्रकाशन गरी उनी नेपाली साहित्यमा सार्वजनिक भए ।[२४]

यस चरणमा हिराधन राई साहित्यको फाँटमा सार्वजनिक भइ उनको लेखनको विकास पनि भएको छ । उनले वि.सं. २०३६ सालमा कविता प्रकाशन आरम्भ गर्नका साथै विभिन्न साहित्यिक पत्रिकाको सम्पादन समेत गरेको छ । उनको लेखनको सामर्थ्य बढेकाले नै सम्पादन गर्न सकेको हो । वि.सं. २०२८ सालमा धरानबाट राईले बम थुलुङ, खेमराज नेपालसँग **बिहानी** नामक साहित्यिक पत्रिका प्रकाशन गरे । यो

---

[२३] ऐजन ।

[२४] ऐजन ।

पत्रिका दुई अङ्कसम्म प्रकाशन भइ आर्थिक समस्याका कारण निस्क्रिय हुन गयो ।[२५] यसपछि उनले आफ्नै गृह जिल्ला खोटाङमा तत्कालीन प्र.जि.अ. परशु प्रधानको आर्थिक व्ययभारमा सामूहिक कविता सङ्कलनको सम्पादन गरे ।[२६] यी तीन पत्रिकामा उनको कविताहरू आधा दर्जन प्रकाशित भएका थिए । यस कालमा उनले कवि र सम्पादक व्यक्तित्व निर्माण गरे । उनको कवित्व कला स्थापित यसै कालमा भयो ।

यस चरणमा हिराधन राईको कथा लेखनका साथै कविता लेखनमा सफलता हासिल भएको छ । कला, प्रतिक, बिम्ब प्रतिक विधानका दृष्टिले पनि कविताहरू सक्षम भएको छ भने भाषिक कला पनि परिष्कृत हुँदै गएको छ ।

## ४.२ दोस्रो चरण

हिराधन राईले वि.सं. २०३६/०३७ सालतिर **खोटाङका केही कथा** सामूहिक कृतिमा[२७] प्रकाशित गरेबाट प्रारम्भ भए पनि कथाको सफलता पचासको दशकबाट हासिल गरेका छन् । यसपछि उनका कथाहरू धमाधम प्रकाशित भए । वि.सं. २०६५ मा **खोलीबुङ** कथासङ्ग्रह नै प्रकाशित भए भने दर्जन कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यसरी कृति प्रकाशन गर्न सफल भएबाट दोस्रो चरण प्रारम्भ हुन्छ । उनको अर्को कथासङ्ग्रह पनि प्रकाशनोन्मुख अवस्थामा रहेको छ । उनका कथाहरूले गाउँले जीवनका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक समस्या, विकृति, विसङ्गतिमाथि असहमति जनाएको छ । उनले कथालेखनमा जसरी गाउँले जीवन, प्रकृति, संस्कृतिलाई टिपेको छ । त्यसको अभिव्यक्ति पनि उस्तै सुन्दर र सरल ढङ्गले गरिएको छ । यसलाई उनको कथालेखनको विशिष्टता मान्नुपर्दछ । कथा घटनामा आधारित हुने भएकाले ती घटनालाई पाठकसामु पुऱ्याउने भाषा सरल हुनुपर्दछ । पाठकहरू प्रायतः अप्रत्यक्ष रूपमा पात्रहरू पनि हुन् । पात्रहरूका जीवन भोगाइ जटिल भए पनि त्यसलाई बुझाउने भाषा सरल र सरस हुनुपर्दछ । यी गुणहरू कथाकार हिराधन राईका कथाहरूमा पाइन्छ । यो सफल र परिपक्व कथाकारमा हुनुपर्ने महत्त्वपूर्ण गुण हो । कविता भावमा आधारित हुने र निबन्धमा दृष्टिकोणको

---

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] धनप्रसाद सुवेदी, **समय**, "खोटाङको साहित्यको संक्षिप्त आँकलन (खोटाङ : सेभ द टाइम नेपाल, २०५९) पृ. ५ ।

प्रक्षेपण हुने हुनाले आख्यान यी विधाबिचको भाषिक अन्तर हुन्छ । यसलाई कथाकार राईले सहज रूपमा आत्मासाथ गरेको छ । जस्तै :

> सङ्खु, हाबु, दम्कु र छिप्तीका केटाहरू दहमा पौडी खेलिरहेको छ । कति आनन्द छ । उनीहरू लाहुर जाने कुरा गर्छन्, लाहुर नलागे अरब, अरब जान पनि नसके सिलाङ कोइला काट्न जाने योजना रमाइ रमाइ एकअर्कालाई सुनाउँछन् । यिनीहरूलाई सम्पत्ति जोड्ने रहर छ । राम्रो लगाउने, मिठो खाने सपना आँखाभरि सजाएका छन् ।

(खोलीबुङ, २०६५, पृ. ४)

यसरी हिराधन राईका दोस्रो चरणमा आख्यानमा प्रवेश र सफलता दुवै भएको देखिन्छ । यस चरणमा उनले कविताहरू पनि उतिनै लेखेका छन् (पाण्डुलिपि तयार) । कविता लेखनमा पनि उनी परिष्कृत भएका छन् । यस चरणमा उनका लेखन निकै उर्वर र सङ्ख्यात्मक बनेको छ । पुस्तककार लेखकको रूपमा उनको पहिचान यही चरणमा भएको छ ।

# kfFrf}F kl/R5]b

# lx/fwg /fO{sf s[ltsf] ljZn]if0f

## ५.१ 'खोलीबुङ' कथासङ्ग्रहभित्रका कथाहरूको विश्लेषण

हिराधन राईको पुस्तकार रूपमा प्रकाशित भएको पहिलो कृति **खोलीबुङ** कथासङ्ग्रह हो । वि.सं. २०६५ सालमा खोटाङ सेवा समाज दोहा कतारले अर्जुन देव राईको आर्थिक सहयोगमा यो कृतिको प्रकाशन गरेका हुन् । 'खोलीबुङ' शब्द किरात राईअन्तर्गत चाम्लिङ राईको भाषाबाट लिएको हो । 'खोलीबुङ' को अर्थ "जङ्गलको फूल" भन्ने हुन्छ । यसरी राखिएको कथासङ्ग्रहको शीर्षक 'जङ्गलको फूल' अथवा खोलीबुङको फूलको रूपमा नभइ साधारण किराती किशोरीको नाममा राखिएको छ । जसले समग्र कथासङ्ग्रहको प्रतिनिधित्व गर्ने गरी नामाकरण गरिएको छ ।

खोलीबुङ कथासङ्ग्रहमा १६ वटा कथाहरू रहेको छ । यस सङ्ग्रहमा 'खोलीबुङ भित्रको सुन्दर फूलहरू' शीर्षकमा साहित्यकार परशु प्रधानको लामो भूमिका राखिएको छ । साधारण गातामा छापिएको यस सङ्ग्रहको बाहिरी पछाडि गातामा कथाकार हिराधन राईको परिचय र भूमिकाबाट प्रधानको भूमिकाको केही अंश उद्धरण गरी राखिएको छ र यस पुस्तकको मूल्य रु. १०० राखिएको छ ।

### ५.१.१ खोलीबुङ

#### ५.१.१.१ कथानक

सिर्जनामा बाह्य प्रकाशनको सारभूत, अंश वा सारतत्त्व तथा आन्तरिक सत्त्व वा गुदीलाई वस्तु भनिन्छ र त्यसको बिच विचार वा प्रमुख भाव हो । कथाकारले यिनै सन्देश प्रवाह गर्न विभिन्न क्षेत्र, घटना, सन्दर्भ आदिबाट विषय टिपेको हुन्छ ।[२८]

**खोलीबुङ** कथा यस कथासङ्ग्रहको प्रतिनिधि कथा हो । किरात चाम्लिङ राई भाषामा यसको अर्थ जङ्गली फूल हुन्छ । 'वनको फूल' लाई दिखुवा खोलास्थित निर्माणाधीन पुल र त्यसमा काम गर्ने मजदुरहरूको मनोदशामा आधारित छ । पश्चिम

[२८] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०६०), पृ. ७७ ।

तराईका एकजना ठेकेदार दिखुवा खोलामा पुल निर्माण गर्न जाँदा त्यहाँको वातावरणलाई अगाडि देखाउँदै एक किसिमको प्रणय सम्बन्धलाई कलात्मक रूपमा यस कथामा प्रस्तुत गरिएको छ। पूर्वी पहाडी जनजीवनको गरिबी, पीडा, अभाव, द्वन्द्वकालको मानवीय सन्त्रास पनि देखाइएको छ। ठेकेदारले ग्रामीण किरात युवती खोलीबुङलाई चरितार्थ गर्न यसरी व्यक्त गरेका छन् :

> किरात किशोरी, यौवनको पहिलो प्रहरमा उभिएकी, पूर्वमा उदाएको कलिलो घामजस्तै लाग्छ मलाई खोलीबुङ। ... पुलको लठ्ठा टांगिएको छ तर उनीहरूलाई के थाहा यही पुलले मानिसहरू बिचको माया र विश्वासको अर्को नयाँ पुल निर्माण गरिसकेको छ भनेर।

यसरी ठेकेदारले एकतर्फी प्रेम प्रणय व्यक्त गर्ने क्रममा विभिन्न घटना सन्दर्भहरू जोड्दै कथा सम्पन्न भएको छ।

### ५.१.१.२ सहभागी र सहभागिता

साहित्यिक कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ।[२९] सहभागीको माध्यमबाट वस्तुविचार गरिएको हुन्छ। यसरी आउने सहभागीहरू प्रमुख, सहायक, गौण, गतीशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्चीय, बद्ध, मुक्त आदि अनेक प्रकारका सहभागीहरू रहन्छन्।[३०] 'खोलीबुङ' कथामा मध्यम वर्गीय र निम्न वर्गीय पात्रहरूको सहभागिता रहेको छ। पश्चिम तराईबाट पहाडको खोटाङ जिल्लाको दिखुवा खोलामा पुल निर्माणको ठेका सञ्चालन गर्न तराईबाट म पात्र आएको हुन्छ। यिनै मध्यम वर्गीय ठेकेदार म पात्रको त्यस पुल निर्माण कार्यमा खटिएकी निम्न वर्गीय श्रमिक किशोरी केटी खोलीबुङप्रतिको एकतर्फी मायाको पलहरूमा कथा सम्पन्न भएको छ। प्रस्तुत कथाको मूल सहभागीहरू म र खोलीबुङ हुन् भने सहायक पात्रहरू रामबहादुर, माइली, झुक्कीमाया, त्रिभुराज, लक्ष्मण, दुर्गमान हुन्। यिनीहरू सबै निम्न वर्गीय सहभागी हुन्। यी सबै पात्रहरू सत् पात्र हुन्।

---

[२९] ऐजन, पृ. ८३।
[३०] ऐजन, पृ. ८७।

### ५.१.१.३ परिवेश

सहभागीहरूको कार्य व्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ। त्यस्ता सन्दर्भहरू कहिले कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले सूचित गर्दछ।[३१] 'खोलीबुङ' कथाभित्र बुइपा, हाबु, बाब्राङ नुन्थला आदि स्थानहरू आएको छ। यी स्थानहरू खोटाङ जिल्लाको पश्चिमी भागमा अवस्थित रहेको गा.वि.स. हरू हुन्। यहाँ किरातीहरूको बसोवास रहेको छ। कथामा किराती जीवन संस्कृति, रहनसहन, भाषा, भुषाको उल्लेख गरिएको छ। यो किराती जातीय सांस्कृतिक परिवेश हो भने कालगत परिवेश हेर्दा साठ्ठीको दशकतिरको देशमा भएको द्वन्द्वकालीन कालखण्ड रहेको छ। जस्तै :

> रुकुम रोल्पामा किल्लो सेटा टु अप्रेसन लगाएको छ .... पुरै मुलुक द्वन्द्वमा फस्नेवाला छ।

प्रस्तुत कथामा द्वन्द्वकालको यो समाचार रेडियोमा सुनेको बाहेक कुनै सन्दर्भ छैन। सम्पूर्ण कथा पुल निर्माणको क्रममा खोलीबुङप्रतिको म पात्रको प्रेमाकर्षणमा फैलिएको छ। त्यसैले यस कथाको परिवेश साठ्ठीको दशकतिरको दिखुवा खोला आसपासको किराती जीवन परिवेश रहेको छ।

### ५.१.१.४ दृष्टिबिन्दु

सिर्जनाका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठकसामु उपस्थापन गर्ने तरिका नै दृष्टिबिन्दु हो।[३२] दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन्। प्रस्तुत कथामा म पात्रको पुल निर्माणमा खटिएकी श्रमिकसँगको संवाद र उसकै आफ्नै मनोवादमा कथा टुङ्गिएको छ। पुलको अभावबाट ग्रामीण जीवनको सङ्घर्षलाई देखिएको छ भने पुल निर्माणमा खटिएको श्रमिक र उनीहरूको गाउँले परिवेशबाट किराती सांस्कृतिक सौन्दर्यको चित्रण गरिएको छ। त्यसैले यस कथामा प्रथम दृष्टिबिन्दुको माध्यमबाट निम्न वर्गीय, गाउँले जीवन, सङ्घर्ष र सांस्कृतिक सौन्दर्यलाई देखाउनु रहेको छ।

---

[३१] ऐजन, पृ. ९१।
[३२] ऐजन, पृ. ९७।

### ५.१.१.५ उद्देश्य

साहित्यको रचना कुनै न कुनै उदेश्यबाट उत्प्रेरित भएर लेखिएको हुन्छ । साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उदेश्य भनिन्छ।[३३]। 'खोलीबुङ' कथामा खोलाको पुल निर्माणको ठेक्का सञ्चालन गर्न आएका म पात्रले अबोध किरात किशोरीप्रतिको प्रमिलता, उनैको संस्कृतिप्रतिको सद्भाव र त्यहाँका गाउँलेहरूको निम्न वर्गीय गरिबी जीवनलाई प्रस्तुत गरिएको छ। त्यसैले प्रस्तुत कथाको उद्देश्य किराती जीवन र सांस्कृतिक सौन्दर्यको सन्दर्भबाट ग्रामीण गरिबीलाई देखाउनु रहेको छ।

### ५.१.१.६ भाषाशैली

विषयवस्तु, चरित्र र तिनको भूमिका, स्तर आदि अनुसार भाषाशैलीको छनौ गरिन्छ । सुव्यवस्थित ढङ्गले बिम्ब, प्रतीक, ... अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यस भनिन्छ ।[३४] का **खोलीबुङ** कथामा प्रयुक्त भाषा सरल र सरस रहेको छ। गाउँले जीवन परिवेश र त्यही गाउँमा फुलेकी गाउँले तरुनो आकर्षणलाई देखाउन त्यही अनुरूपमा भाषा टिपिएको छ :

> सायद त्यो बालुवा चाल्दाको झुमाइ जस्तै फुल्दी हो। खोलीबुङ पनि साकाला (चन्डी नाच) मा। किरात किशोरी यौवनको पहिलो प्रहरमा उभिएकी, पूर्वमा उदाएकी कलिलो घाम जस्तै लाग्छ मलाई खोलीबुङ।
>
> (पृ. ३)

यसै गरी विभिन्न घट्ना सन्दर्भहरू र संवाद कलाले कथा दृश्यात्मक पनि बन्न पुगेको छ। यसले पाठकहरूलाई कथाको सरसता झनै प्रदान गरेको छ भने आलङ्कारिक भाषाले कथालाई भावमूलक तथा विशिष्ट बनाएको छ। जस्तै :

> खोलीबुङ ! के को गन्ध हो यो ?
>
> लाटा मान्छे ! आफ्नो आमाको गन्ध पनि चिन्दैन हो कि ?
>
> हो, यो हाम्रो पृथ्वी माताको बासना हो यो हाम्रो माटोको बासना ... ।

यसरी कथाकार हिराधन राईको 'खोलीबुङ' कथा भाषिक दृष्टिले सरल र सफल कथा मान्न सकिन्छ।

---

[३३] ऐजन, पृ. ९४ ।
[३४] ऐजन, पृ. १०६ ।

## ५.१.२ अपराधी हात

### ५.१.२.१ कथानक

देवीशङ्करको यौन अपराधी मनस्थितिलाई यस कथामा सफलतापूर्वक प्रस्तुत गरिएको छ। धनीमानी, सामन्ती मनोवृत्ति भएको रविशङ्कर खनालले आफ्नै बुहारीमाथि गरेको अपराध वा यौन शोषणको सन्दर्भ उजागर गरेर यस कथाको कथा चित्र बुनिएको छ। "बाहिरबाट हेर्दा जे देखिए पनि त्यसभित्र पशुहरूको वास छ। पाषाण दिलका मानिसहरू बस्छन् त्यो ओडारभित्र"ले प्रतीकात्मक रूपमा कथाको सार प्रस्तुत गरेको देखिन्छ। ग्रामीण परिवेशभित्र नारीमाथिको हिंसा तथा निमुखाहरूले निसाफ नपाउने ऐतिहासिक कालखण्डलाई यस कथाले मूल विषयवस्तु बनाएको छ।

### ५.१.२.२ सहभागी र सहभागिता

यस कथाको मुख्य सहभागी रविशङ्कर खनाल हो। उनी गाउँको धनीमानी तर असत्य र यौन दुराचारी प्रतिकूल चरित्र हो। यो कथामा उनको महिलाहरूमाथिको यौन दुराचारी चरित्र, यौन शोषित रमिलाको दर्द र हत्या अनि यस घटना उपरको अदालती बयानका सन्दर्भहरू यस कथामा समाहित छ। यहाँसम्म कथालाई हिँडाउने सहायक सहभागीहरू भद्रमान, सनमान, मसिनी छन् भने गौण सहभागीहरू घासे, गोठाले, दाउरे, भद्रभलाद्मी, रविशङ्करका मात्तिएका दुई छोराहरू र सुन्दर दुई छोरीहरू हुन्। यिनै चरित्रहरूको विभिन्न भूमिका मार्फत रविशङ्करको चरित्रको चरमता देखाइएको छ। यो कथा चरित्रप्रधान कथा हो।

### ५.१.२.३ परिवेश

'अपराधी हात' कथाको परिवेश प्रजातन्त्र पुनः प्राप्ति अगाडिको कालखण्डको मान्न सकिन्छ। त्यस समयमा धनीमानीहरूले आर्थिक शोषणको साथै नारी शोषण गर्दथे। र, यस विरुद्ध मान्छेहरू आवाज उठाउन सक्दैनथ्यो। जसले गर्दा यस्ता अपराधहरूले निरन्तरता पाउने गर्थ्यो। यस सन्दर्भलाई तल उल्लेखित वाक्यले प्रमाणित गर्दछ :

> निरन्तर उसको पाँसुला र पिँडौला दुखिरहेछ। उसले अझ आफूलाई कति दौडाउनु पर्ने हो, था'छैन र दौडन पर्ने बाटो कति बाँकि छ त्यो पनि थाहा छैन।
>
> (पृ. १३)

यी अपराधी विरुद्ध मुद्दा दायर भए पनि नागरिक सुरक्षामा खटिएको डी.एस.पी. अपराधीको पक्षमा लागेर निर्दोष साबित गराउन सफल भएको छ। न्यायालयको भूमिकालाई गौण बनाएको छ। यी घटनासन्दर्भ घटित हुन गाउँ, सदरमुकाम, सहर स्थानको रूपमा आइ यही स्थानमा रविशङ्करको यौन आतङ्क र पीडित महिलाहरू न्यायहीन र गाउँलेहरू निरीह बनेको छ। यसरी यो कथामा परिवेश समायोजन गरिएको छ।

### ५.१.२.४ दृष्टिबिन्दु

प्रस्तुत कथामा रविशङ्करको यौन शोषणको चरित्र र स्वतन्त्रताहीन न्यायालयको अवस्थालाई देखाएको छ। यसैले यो कथा तृतीय दृष्टिबिन्दुको माध्यमबाट तत्कालीन नारी घरेलु हिंसा र देशको सुशासनहिनतालाई प्रस्तुत गरेको छ।

### ५.१.२.५ उद्देश्य

धनीमानी र रवाफ भएको रविशङ्करले रमिलामाथि यौन शोषण गरेको छ। शोषित रमिलाले यस विरुद्ध उपचार र क्षतिपूर्ति पाएकी छैन। त्यसैले यी 'अपराधी हात' कथाको उद्देश्य महिला हिंसा र महिलाप्रतिको विभेद र अन्यायलाई देखाउनु रहेको छ।

### ५.१.२.६ भाषाशैली

'अपराधी हात' कथा अपराधी चरित्रको चित्रण गरिएको कथा हो। कथाका पात्र रविशङ्करको अपराधिक अश्लील चरित्रलाई श्लील र सरल तर प्रतीकात्मक भाषामा प्रस्तुत गरिएको छ। अश्लील घटनाहरूलाई शिष्ट पाठकहरूमा लगिने भाषा प्रतीकात्मक हुन्छन्। त्यसैले भाषिक दृष्टिमा यी कथा सफल मान्न सकिन्छ। यस कथामा गरिएको प्रतीक व्यवस्थाहरू :

निरन्तर उसको पाँसुला र पिँडुला दुखिरहेछ । (पृ. १३)

नदी ढाडैढाडमा ठोक्किदै कहालिँदै बगिरहन्छ । (पृ. १४)

मानवीय निरीहतालाई लयपूर्ण ढङ्गले ताजगी बनाउन वृत्यनुप्रासको प्रयोग :

उसैको हातले उसैको हातको रगतबाट लेख्ने प्रयास गर्छ ऊ । (पृ. १७)

भाषिक मानवीकरणको माध्यमबाट कथाको भाव गहिराइ गरिएको छ । जस्तै :

यो नदी उसको जिन्दगी जस्तै कही पहराबाट छाँगा बनेर फालमार्दै कही बाङ्गोटिङ्गो बग्दै कैयौं जङ्घार हुँदै बगिरहेछ । (पृ. १३)

यसैगरी भाषिक विचलन, संवादको प्रयोग, योजक चिन्हहरूको प्रयोग, अलङ्कार आदिको प्रयोग पनि गरिएको छ ।

## ५.१.३ रुटिन बदलियो

### ५.१.३.१ कथानक

प्रस्तुत कथा वि.सं. २०५९ मा समय नेपाल भन्ने साहित्यिक संस्थाले प्रकाशन गरेको **समय** पत्रिकाको चौथो अङ्कमा प्रकाशित भएको छ। यस कथामा विवाह भएको आठ वर्ष बितिसक्दा पनि उनीहरूको काखमा खेल्ने सन्तान नहुँदा भएको सन्तानमोहको सन्दर्भलाई देखाएको छ। मालपोतको जागिरे देवेन्द्र र शिक्षिका सुशिलाको दाम्पत्य जीवनमा सन्तानको अभाव नै मूल समस्या थियो । धन-सम्पत्ति, यौवन, रूप-रङ्ग सबै भएर पनि सन्तानको अभावले पीडित ती दुई हलेसी मेलामा गएर भगवानसँग सन्तान लाभको चाहना राख्छन् । कारणवश श्रीमान् जान नभ्याउँदा सुशिला मनोजको साथ जान्छे। मनोजको साथमा सन्तान माग्न हलेसी धाम पुगेकी सुशिलालाई आफ्नै साथमा भएको आधुनिक शिवशक्तिले आमा बन्ने अवसर प्रदान गर्दछ । यसरी सन्तान निर्माणमा प्रत्येक साँझ जुट्ने गरेको ती जोडी अब सन्तानको गर्भधान भएपछि जुट्नु नपर्ने हुन्छ । यसरी रुटिन बदलिन्छ र कथा सम्पन्न हुन्छ ।

### ५.१.३.२ सहभागी र सहभागिता

नेपाल सरकारको मालपोत कार्यालयमा नायब सुब्बा पदमा सेवा गर्ने देवेन्द्र कार्की र पोखरी गा.वि.स. मा शिक्षकको रूपमा शिक्षण गर्ने देवेन्द्रकी श्रीमती सुशिला यस कथाको केन्द्रीय सहभागीहरू हुन् । युगल जीवनको आठौं वर्षे यात्रामा पनि

सन्तान प्राप्त हुन नसकेपछि दैवीशक्तिको सहारा लिन पुगेका यी सहभागीहरू अन्तमा धार्मिक विश्वास राख्ने पात्रहरू हुन् । आफन्तहरूप्रति सद्भाव र विश्वास राख्ने यी दुवै सत्पात्र पनि हुन् । खोटाङको हलेसी मेलामा सन्तान प्राप्तिका लागि भोलेबाबाको दर्शन गर्न जानलाई छुट्टी माग्दा देवेन्द्रलाई हाकिमले नदिँदा कुनै प्रतिक्रिया नगर्ने उनी राष्ट्रसेवक कर्मचारीको प्रतिनिधि पात्र पनि हुन् । यसरी यी दुवैको सन्तान प्राप्त गर्न सञ्चालन गरिएको दैनिक तालिकाको शृङ्खलालाई सन्तान बसिसकेपछि समाप्त भइ कथा सम्पन्न भएको हुँदा यी दुई यस कथाका प्रमुख तथा केन्द्रीय सहभागी हुन् भने मनोज, हाकिम, खरदार, मेलामा रमाइलो गर्ने तथा भक्तजनहरू, भोलेबाबा सहायक सहभागीहरू हुन् ।

### ५.१.३.३ परिवेश

'रुटिन बदलियो' कथामा आठ वर्षपछि रुटिन बदलिए पनि यो मितिदेखि यो मितिसम्म भएको उल्लेख छैन । महिलाको रूपमा रहेको सुशिला शिक्षिका हुनु, बच्चालाई देवेन्द्रले खेलौना किन्नु, देवेन्द्रलाई हाकिमले बिदा नदिनु, सन्तान प्राप्तिमा मेडिकललाई नभइ भोलेबाबा कहाँ विश्वास गर्नुले पञ्चायतकालीन शासनको अन्त्यपछिको नेपाली जीवन परिवेश यस कथामा आएको छ भने स्थानको रूपमा मालपोत कार्यालय, पोखरी स्कुल, हलेसी धाम आदि आएको छ ।

### ५.१.३.४ दृष्टिबिन्दु

देवेन्द्र कार्की र सुशिलाबिचको सन्तान प्राप्तिको लामो प्रयास सहकार्यलाई देखाएकाले प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गरेको छ । यस दृष्टिबिन्दुबाट मातृपितृ सौन्दर्यलाई देखाएको छ ।

### ५.१.३.५ उद्देश्य

प्रस्तुत कथामा देवेन्द्र र सुशिलाको सन्तान नभएपछि दैवीशक्तिको सहारा लिन पुगेको छ । यसबाट हरेक दाम्पत्य जीवनको सन्तानप्रतिको मोह हुन्छ भन्ने देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

#### ५.१.३.६ भाषाशैली

आठ वर्षको रुटिनलाई निष्कर्षमा पुऱ्याउने सहायक सन्दर्भहरूमा प्रयोग गरिएको भाषा सरल र व्याकरणिक छ भने तालिकालाई सम्पन्न गर्न युगल जोडीको सहयात्रालाई व्यक्त गर्न प्रयोग गरिएको भाषा आलङ्कारिक छ । जस्तै :

> देवेन्द्र सुशिलाको अङ्ग अङ्गमा खेल्दै थियो, ...... बाहिर
> फाटफुट वर्षा हुन लाग्यो, भित्र देवेन्द्र पुरै बर्षिरहेको थियो ।

(पृ. २०)

अतः प्रस्तुत कथा भाषिक दृष्टिले सहज र सरल रहेको छ ।

### ५.१.४ तृष्णा

#### ५.१.४.१ कथानक

एउटी युवतीको यौन आकाङ्क्षाको सजीव र समष्टि मनोविज्ञानका उद्घाटन 'तृष्णा' कथामा गरिएको छ। सरला नुहाइरहेकी छे र अलि टाढाबाट दुई युवाहरू चिया खाने निहुँमा उसको अर्धनग्न शरीरको रसपान गरिरहेका छन्। यस समयमा सरलाको मनस्थितिमा पनि हामी यौन-हाँधी महसुस गर्न सक्छौं जसमा हामी सबै कैद हुन्छौं। फूलको रसमा भमरा लोभिनु र धाराको पानीले यौन आवेग र तृष्णा मेट्न खोज्नु जस्ता प्रसङ्गहरूले कथासार पुरा गरेको छ। यसरी यस कथामा यौनाच्छालाई विषय बनाएको छ ।

#### ५.१.४.२ सहभागी र सहभागिता

यौन मनोविज्ञानमा आधारित कथा 'तृष्णा'को मूल चरित्र सरला हुन्। उनको यौन मनोदशालाई उदिप्त पार्ने काम उनी नुहाइरहेको अर्धनग्न शरीरलाई हेर्दै चिया पसलमा चिया पिइरहेको दुई युवकले गरेको छ। त्यसैले यी दुई युवक सहायक सहभागी हुन्। यसैगरी पुरुष अँगालो र यौन अनुभव बटुलेकी सहायक सहभागीहरू रम्भा, कोपिला र अञ्जली रहेको छ ।

जस्तै :

> अञ्जली : केटाहरूको अँगालो साह्रै मधुर र दर्दात्मक हुन्छ ।
> कृष्ण : धेरै गुणा आनन्ददायी हुन्छ केटा साथीको अँगालो ।

(पृ. ३२)

यसरी 'तृष्णा' कथाका विभिन्न सहभागीहरूको माध्यमबाट सरला नामक पात्रको यौवना यौन मनोविज्ञानको उद्घाटन गरिएको छ ।

यस्ता मानवीय पात्रका अतिरिक्त मानवेत्तर पात्रहरू फूलको रस चुसिरहने भमरा पनि हुन् । यी सम्पूर्ण चरित्रले वैशालु सरलालाई यौन तृष्णाको चरमतामा पुऱ्याएको छ ।

### ५.१.४.३ परिवेश

प्रस्तुत कथामा कालगत सूचक नभए पनि कथाका विभिन्न घटनाप्रसङ्गले वर्तमान परिवेशलाई देखाएको छ । समाजको अगाडि प्रेमको नाटक रची होटलको चिसो ओछ्यान तताउने, ककनी गोदावरीको जङ्गल सफर गर्ने आदि घटनाले वर्तमान यौन विसङ्गति प्रमाणित गर्दछ । यस्ता अवसर नपाउनेले मनभरि यौनकुण्ठा बोकेर सरलाझैँ जल्ने गरेको यथार्थता वर्तमान परिधिभित्रै छ । प्रस्तुत कथाको परिवेश सहर, अनि ब्वाइ फ्रेन्ड, गर्ल फ्रेन्ड र यौनको मोज र खोज रहेको छ ।

### ५.१.४.४ दृष्टिबिन्दु

तृष्णा कथाको मूलसार यौन तृष्णालाई वकालत गर्नु हो । "आखिर म हुँ र यो यौवन भरिएको शरीर छ .... तिमीहरूसँग छ भोग, खुब रमाइ रमाइ भोग" यी प्रसङ्गबाट कथाको सार सहज रूपमा खुल्छ । त्यसैले कथाकारले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोगबाट यौवनकालको मानवीय यौन कुण्ठालाई प्रस्तुत गरेको छ ।

### ५.१.४.५ उद्देश्य

'तृष्णा' कथामा विभिन्न महिला पात्रहरूका यौन कुण्ठा, चाहना र तृप्ति प्राप्त भएका सन्दर्भहरू प्रस्तुत गरिएको छ । यस्ता पात्रहरूमा अञ्जली, रम्भा, कोपिलाले यौन चाहना पुरा गरेकी छन् भने सरला यौन कुण्ठित भएकी छिन् । यी घटनाबाट मानवीय यौन चाहना स्वाभाविक हुने कुरा प्रष्ट पारिएको छ । त्यसले मानवीय यौन कुण्ठा र चाहनाको उद्घाटन गर्न यस कथाको उद्देश्य रहेको छ ।

### ५.१.४.६ भाषाशैली

'तृष्णा' कथामा प्रयोग भएका भाषा सरल र सरस छ । मूलवस्तुको रूपमा रहेको यौनावेगको प्रसङ्गलाई व्यक्त गर्दा भने प्रतीकात्मक भाषाको प्रयोग भएको छ । जस्तै :

> कृष्णा निकै अनुभवी थिइ रमाउनमा। कहिले ककनीमा, कहिले गोदावरीमा र कहिले सूर्यविनायकको जङ्गल सफर गरिसकेकी थिई। अरूसँग स्वयम्भुको जङ्गल र नगरकोटको होटलको चिसो ओछ्यान तताएको अनुभवसम्म थियो।
>
> (पृ. ३२)

यसका साथै विभिन्न बिम्ब, प्रतीक, अलङ्कारको प्रयोगले कथा भावमूलक बनेको छ। व्याकरणिकक्रम विचलनले कथा लयात्मक पनि बनेको छ भने मनोसंवादले कथावस्तुको उचाइलाई स्पष्ट पारेको छ। यसरी यस कथामा प्रयोग भएका भाषाशैली सहज र सफल रहेको छ।

## ५.१.५ विमोचनको सपना

### ५.१.५.१ कथानक

साहित्यलाई भावनाको उपज ठान्ने र कविता सहजै सिर्जना गर्न सकिने मानसिकतालाई यहाँ प्रस्तुत गरिएको छ। तर कविता सिर्जना गरेपछि प्रकाशन र विमोचन गर्ने, आफूलाई कवि ठान्ने, पुस्तक प्रकाशित गर्ने र विमोचन गर्ने सपना सबै स्रष्टाहरूमा हुन्छ। यस कथामा आफ्नो पार्टीले जित्ने कुरामा निश्चिन्त कवि मस्तरामको मानसिक स्थिति सबल रूपमा प्रस्तुत भएको छ। यही नै यस कथाको विषयवस्तु रहेको छ।

### ५.१.५.२ सहभागी

'विमोचनको सपना' कथाको मुख्य पात्र मस्तराम हुन्। उनलाई अवसरवादी पात्रको रूपमा कथामा उभ्याइएको छ। घरपरिवारको समेत ख्याल नराखी साहित्य र अवसरको राजनीतिमा तल्लीन रहने मस्तरामको पेसा बच्चा जन्माउने उद्योग चलाउनु रहेको छ। मस्तराम पुरानो पार्टी छोडी नयाँ पार्टीमा प्रवेश गर्छन्। पार्टी प्रवेशको फाइदा उनको कवितासङ्ग्रह प्रकाशित हुने र ठुलो नेताबाट विमोचन गरिदिने रहेको छ। तर चुनावमा उनको पार्टी हारेपछि यो सपना तुहिन्छ र यहाँसम्म आएर कथा सम्पन्न हुन्छ। यी कथावस्तुलाई सहयोगी भूमिका निर्वाह गरी अगाडि बढाउने अन्य

सहभागीहरू म, हरिशङ्कर, नेता, श्रीमती छन्। यी सहायक सहभागी हुन् भने केटाकेटीहरू, पार्टी कार्यकर्ता, जुलुस गराउनेहरू गौण सहभागी हुन्।

### ५.१.५.३ परिवेश

प्रस्तुत कथामा मस्तराम नयाँ पार्टीमा प्रवेश गरेको प्रसङ्गले साठ्ठीको दशकमा विभिन्न नयाँ पार्टीहरू स्थापना भएको प्रसङ्गलाई लिन सकिन्छ। यस समयमा नयाँ पार्टीहरूले सानादेखि ठुलाठुला प्रलोभन देखाइ विभिन्न लेखक, पेशेवर, नेता आदिलाई तानेका थिए। यस कथामा पार्टीका यही विकृत प्रवृत्तिलाई यहाँ देखाएको छ। चुनाव भइ नतिजापछिको विजय जुलुस पनि कथामा घन्केको छ। त्यसैले ०६२/६३ को आन्दोलन पश्चात्को आम निर्वाचनको समय र त्यही पेरीफेरिमा हेको परिवेशभित्र यो कथा सम्पन्न भएको छ।

### ५.१.५.४ दृष्टिबिन्दु

तृतीय दृष्टिबिन्दुको स्थानमा मस्तरामलाई राखेर मस्तराम मार्फत लेखकको पछौटे मानसिकता र पार्टीको उस्तै प्रकारको विचारधारालाई प्रस्तुत कथामा देखाएको छ।

### ५.१.५.५ उद्देश्य

यो कथामा मस्तरामलाई नयाँ पार्टीले कवितासङ्ग्रह प्रकाशन गरिदिने प्रलोभन देखाइ पार्टीमा प्रवेश गराइएको छ। यसबाट स्वार्थ र अवसरवादी मानव चरित्र र राजनैतिक पार्टीको झुटो आश्वासनलाई प्रस्तुत गरिएको छ। यी स्थितिलाई उल्लेख गर्न यस कथाको उद्देश्य रहेको देखिन्छ।

### ५.१.५.६ भाषाशैली

भाषिक सरलतामा वस्तुलाई तरल बनाउन कथाकार हिराधन राई सिपालु छन्। 'विमोचनको सपना' राईले कथामा प्रयोग गरेका भाषामा यही गुण र विशिष्टता पाइन्छ। यो कथा व्यङ्ग्यात्मक कथा हो। व्यङ्ग्य सरल भाषामा गरिएको छ भने यसको प्रहार भने अत्यन्त कडा रहेको छ। यसले कथाको भाषिक कला र भावगत उत्कर्ष बढाएको छ :

> फुर्सदको बखत आफ्नो निजी उद्योग अर्थात् केटाकेटी उत्पादन उद्योग सञ्चालनमा इमानदारिता (पृ. ३६) ।
>
> अस्ति मात्र एक हुल ठिटाहरू आए, .... निकै बोलक्कड र तार्किक पनि थियो .... त्यही पार्टीको साधारण सदस्य बने र उनको काव्यायात्राको पहिलो बिन्दु पनि त्यही पार्टी बन्यो (३८)
>
> .... मस्तराम अबिरबाट रङ्गिए र स्वतन्त्रताप्रेमी महान कविमा पदोन्नति भए (पृ. ३९)

कवि हिराधन राईको प्रस्तुत 'विमोचनको सपना' कथामा प्रयोग भएको भाषा यसरी सरल र सहज अनि आलङ्कारिक रहेको पाइन्छ ।

## ५.१.६ अजम्बरी फूल

### ५.१.६.१ कथानक

प्रस्तुत कथामा म अथवा सार्थक राई खोटाङबाट सिक्किम गइरहेको र सिकिम्मकी निमा खोटाङको हलेसी तीर्थयात्राबाट फर्किरहेको अवस्थामा मेचीबाट सँगै हुन्छन् । यसपछि उनीहरू बिच परिचय भइ सँगै यात्रा सुरु हुन्छ । यात्रामा दुईबिच प्रेमिलता अङ्कुराउँछ तर फुल्न पाउँदैन । यसरी कथा सकिन्छ । यात्राको क्रममा निमा भन्छिन् :

> "आखिर यात्राको मित्रता यात्रासम्मको लागि हुने रहेछ । सपना केवल सपना देखिञ्जेलसम्म मात्र हुन्छ, त्यस्तै हो, बाँचेमा अर्को साल फेरि तपाईंको हलेसी तीर्थ आउनेछु ।"

सिक्किमसम्मको यात्रामा भेटिएकी निमासँगको यात्रा - प्रेम यात्रामै समाप्त हुँदैन, अजम्बरी फूल भएर कथानायक सार्थक राईको मुटुमा बस्छ ।

### ५.१.६.२ सहभागी र सहभागिता

खोटाङबाट सिक्किम गइरहेको सार्थक राई र सिक्किमबाट खोटाङको हलेसी दर्शन गरी फर्किरहेको निमाबिच नेपालको पश्चिम सिमानामा भेट भएपछि

सिक्किमसम्मको यात्रा सँगै रहन्छ। यही यात्रामा यी दुई सहभागीबिचको प्रेम आत्मिक सम्बन्धमा जोडिन पुग्छ। यी दुईबिचको आत्मिकताभित्र कथावस्तु फैलिएको छ। त्यसैले अजम्बरी फूल कथाको मुख्य पात्र सार्थक र निमा हुन्। सार्थकको आत्ममित्र निमा अजम्बरी फूल बनेर फुल्न पुगेकी छिन्। सहायक पात्रको रूपमा सार्थकको साथी गजेन्द्र रहेको छ भने गौण पात्रको रूपमा तिर्थयात्रीहरू, मेची नदी पारीका चिया पसल्नी, निमाका साथी, रेल यात्रीहरू, रेल स्टेसनमा देखिएको अन्य सहभागीहरू हुन्। यिनै सहभागीहरूको सहभागितामा कथा सम्पन्न भएको छ।

### ५.१.६.३ परिवेश

'अजम्बरी फूल' कथाको कथानक मेचीदेखि सिक्किमसम्मको यात्रारत सन्दर्भहरू रहेकाले स्टेसनको चहलपहल, नेपाली भाषी र हिन्दी भाषीबिचको बेमेल भाषाको संवादहरू, यात्रारत हुँदामा विभिन्न सहर, प्राकृतिक दृश्य, दृश्यमा रहेका नदीहरू, सार्थक र निमाबिचको प्रेमिल आत्माहरूको एक अर्काप्रतिको आकर्षण, यात्रा टुङ्गिएपछिको छुट्दाको पीडा आदि परिवेशभित्र कथाले जीवन पुरा गरेको छ।

### ५.१.६.४ दृष्टिबिन्दु

प्रस्तुत कथामा प्रथम दृष्टिबिन्दुको प्रयोग गरिएको छ। रेलभित्रको संवाद निमा र सार्थकको प्रेमिलताको सन्दर्भबाट यौवन सुलभ विपरीत लिङ्गी मानवीय शिष्ट र चोखो तर छोटो अनि अजम्बरी प्रेमको परिभाषा गरिएको छ।

### ५.१.६.५ उद्देश्य

प्रस्तुत कथाका सहभागीहरूमा सार्थक सिक्किम गइरहेकी छे भने निमा हलेसी तीर्थबाट सिक्किम फर्किरहेकी छिन् र यी दुईबिच सिक्किमसम्म सँगै भएको यात्रामा आत्मिक सम्बन्ध स्थापना भएको छ। जसबाट चोखो र सम्मानित प्रेमको मर्म देखाउनु नै यस कथाको आसय हो।

### ५.१.६.६ भाषाशैली

कथालाई सरल भाषामा पाठकलाई कहनु हिराधन राईको कथा लेखनको विशिष्टता हो। उनका यस खोलीबुङ कथासङ्ग्रहभित्रका अधिकांश कथामा खोटाङ

जिल्लालाई कार्यपिठिका बनाएको छ र त्यही जिल्लामा बोलिने भाषा र शैली प्रयोग गरेको छ भने खोटाङदेखि जति परका सिमानाहरू पार गर्दै जान्छ त्यहीको भाषा प्रयोग गरिएको छ जस्तै :

> सिक्किममा नेपाली भाषी युवतीले मेचीपारि बोलेको भाषा - ए कान्छ ! रिक्सा लेराऊ ।
>
> अर्को भारतीयले बोलेको भाषा - देखिए भैया ! वहाँ पर मूल सडक है । उसके पास बस स्ट्यान्ड है । (पृ. ४३)

यसरी पात्र र स्थलगत परिवेश अनुसार भाषाको प्रयोग कथाकारले गरेको छ । यसले कथालाई यथार्थमूलक बनाएको छ । यसरी कथावस्तु अनुसार भाषा र पात्र अनुसारको शैलीको प्रयोग यस कथामा गरिएको छ ।

यसैगरी प्रेमिल जीवनलाई पाठक सामु प्रस्तुत गर्न प्रेमसुलभ भाषाको प्रयोग गरिएको छ जस्तै :

> दुई चार घण्टाको भेटघाटले जन्मजन्मान्तरको सम्बन्ध स्थापित हुन लागे झैँ मलाई पनि कता कता महसुस भइरहेछ । आखिर यात्राको मित्रता यात्रासम्मको लागि हुने रहेछ । सपना केवल सपना देखिञ्जेलसम्म मात्र रहन्छ, त्यस्तै हो बाँचेमा अर्को साल फेरि तपाईंको हलेसी तीर्थ आउनेछु (पृ. ५१) ।

यसरी यस कथाभित्र प्रयोग भएको भाषा सरल, सार्थक र सफल देखिन्छ ।

## ५.१.७ राममति चौतारो र रातकी रानी

### ५.१.७.१ कथानक

यो कथामा प्रस्तुत गरिएको विषयवस्तु पहाडी खोला किनारमा अवस्थित छाप्रोमा राखी जाँड बेच्ने पहाडी चेलीहरूको कथा हो । यहाँभित्र पीडापूर्ण, कष्टदायक जीवनको कहानी लुकेको हुन्छ । यही र यस्तै घटना शृङ्खलालाई कथाकारले कथानक बनाएको छ ।

### ५.१.७.२ सहभागी र सहभागिता

प्रस्तुत कथामा राममति र उनको जाँड बेच्ने पेसा र राममतिको जीवन र पेसालाई देख्ने म पात्र प्रमुख/केन्द्रीय सहभागी हुन्। म पात्र लगायत बटुवाहरू निकै आवातजावत गर्ने खोटाङको भडारेस्थित कोसी गडतिरमा रहेको राममतिको जाँड व्यापारको ग्राहक बन्न म पात्र पुगेको छ र त्यही चौतारीमा भएको एक बसाइमा राममतिले बटुवाहरूसँग गरेको जाँड व्यापार र संवादलाई प्रत्यक्ष देखेको भोगेको सन्दर्भलाई विभिन्न शैलीमा प्रस्तुत गर्न पुगेको छ। त्यसैले यी दुई मुख्य सहभागी हुन् भने विभिन्न बटुवाहरू, ढाक्रे, जाँडको पैसा नतिर्ने स्थानीय पुड्के, मधेशबाट नुन लिइ फर्केका र पहलमान बनेर लाज देखाइ पठाउने भरिया आदि सहायक पात्र हुन्।

### ५.१.७.३ परिवेश

नेपालमा ०६२/०६३ को जनआन्दोलन पश्चात् भएको यातायातको विकासले पहाडबाट मधेश पुऱ्याउने पैदलबाटाहरू विस्थापित हुँदै गएको छ। यस कथाको राममतिको चौतारामा अचेल बुटवाहरू जाँड खान आउँदैनन्। सिधै गाडी चढेर रसुवा पुग्छन्। त्यसैले जनआन्दोलन २ भन्दा अगाडिको कालखण्डको परिवेश यस कथामा आएको छ। राममतिको जाँड बेच्ने चौतारीमा बटुवाहरू आवतजावत गरिरहेको हुन्छ। बटुवाहरूले जाँड किनेर खाए पनि राममतिको वैश र बोलीमाथि आँखा, कान र मनले उधारो राज गरिरहेको हुन्छ। बटुवाको प्रत्येक मनोविज्ञानमा राममति हाजिर भइरहन्छिन् र तिनले जसको जस्तो प्रश्न उस्तै उत्तर दिँदै जान्छिन्। बटुवाहरू पैसा तिरेर पिउने जाँड थोरै खाइरहेको हुन्छ भने निशुल्क रूपमा आँखा र मनले पिउन राममतिको वैश भने धित मरिञ्जेल पिइरहेको हुन्छ। कालन्तरपछि आएको दोस्रो ग्राहक जो सहरकाहरूले शरीर पिउँदा पिउँदा अन्तमा निको नहुने (एड्स) रोगले ग्रस्त भइ राममतिले जीवन बर्बाद गरेको यिनै परिवेशमा कथा सम्पन्न भएको छ।

### ५.१.७.४ दृष्टिबिन्दु

प्रस्तुत कथामा म पात्रले कथाको विषयवस्तुलाई भन्दै लगेको छ। त्यसै कथाको दृष्टिबिन्दु प्रथम पुरुष रहेको छ। यी प्रथम पुरुष दृष्टिबिन्दुबाट नेपालको ग्रामीण युवतीको गरिबीको कारण अपनाउनु पर्ने जाँड रक्सीको पेसा र युवादेखि

वृद्धासम्मको आँखा र आत्माको वैशालु मातको सामना गर्नु त्यही अनुकूल आफूलाई प्रस्तुत गर्नुपर्ने र अन्तमा बर्बादै बन्नुपर्ने महिलाको बाध्यता हो भन्ने दृष्टिकोण कथाकारले राखेको छ ।

### ५.१.७.५ उद्देश्य

प्रस्तुत कथाको कार्यपिठीका खोटाङको भडारेघाट रहेको छ। यस घाटमा राममतिले बटुवाहरूलाई जाँड बेच्ने गरेकी हुन्छिन् । यस सन्दर्भबाट गरिबीलाई नै देखाइएको छ । यसरी कोसी गड्तिरको गरिबी जीवन परिवेशलाई उद्घाटन गर्न यस कथाको मूल उद्देश्य रहेको छ ।

### ५.१.७.६ भाषाशैली

राममतिको चौतारी र रातकी रानी कथा जाँड बेच्ने पेसा अपनाएको यौवना र उनको ग्राहक आकर्षण नै कथाको मूलभूत विषय हो । उक्त उमेर, पेसा र कलालाई देखाउन त्यही अनुरूपको ग्राहकहरू खडा गरिएको र पात्र अनुसार भाषाहरू प्रयोग गरिएको छ। कथा वस्तुलाई सजीव र सहज बनाउन पटक पटक संवादको प्रयोग गरिएको छ । जस्तै :

बैनीको घर यही हो ?

होइन यो त दोकान हो, जाँडको दोकान ।

अनि घर चाहिँ कहाँ ?

(हाँस्दै) खै .... घरको त टुङ्गो छैन, भोली पर्सी थाहा होला ।

(पृ. ५३)

कहिले बिहे गर्छौ ?

दाइले कहिले लाने ?

जाँड त तिमी जस्तै मिठो रहेछ ।

होइन तपाईं त नौलो हुनुहुन्छ, .... कहिले चाख्नु भयो मलाई ?

यसैगरी दुःखद घट्नाहरूलाई देखाउन त्यस्तै भाषा प्रयोग गरिएको छ । जस्तै :

सबै पर्देशीहरूले डुङ्गा खियाउनुभन्दा पहिले राममतिलाई हेरेर हात उठाए .... डुङ्गा आँखाबाट टाढिँदै टाढिँदै गएर अन्तमा आँखाले देख्न

> नसक्ने भयो। राममति घोप्टो परेर रुन लागी .... राममतिलाई त्यही निको नहुने रोगले समाएको रे .... (पृ. ५९)
>
> यो रातकी रानी फूल उसैले रोपेकी हो, यो फूल फुल्दा आउने वास्नामा राममति रमाउँथी। (पृ. ५८)

यो कथामा कथाकारले यसरी भाषाको संयोजन गरेका छन्।

## ५.१.८ सागरमति

### ५.१.८.१ कथानक

सदरमुकाममा रहेको होटल "सागरमति" जहाँ ग्राहकहरूले पेटको भोक र आँखाको भोक मेटाउँछन्। त्यहाँ मोती फुलेको सुन्दर सहरिया कि आँखाहरू धीत मरुन्जेल डुब्छन् र शितलताको राहत महसुस गर्छन्। जिल्लाका सबै हाकिम, कारिन्दाहरूको आकर्षणको केन्द्र सागरमतिलाई खोज्न कुनै हाकिम पन्ध्र वर्षपछि पुग्छन्। तर त्यस होटेलमा 'पावरलेन्स लगाएकी, समयको कठोर प्रहारबाट चाउरिएकी, सेतै कपाल फुलेकी एउटी स्वास्नी मानिस बसिरहेकी देखेपछि हाकिमको मनस्थितिमा भुइँचालो जान्छ। उनी आफ्नो मन बुझाउन यसरी बाध्य छन् -

> साँच्ची नै त्यो स्वास्नी मान्छे सागरमति थिइ भने सागरमति नै यथार्थ थिइन, भ्रम पात्र थिई। मान्छेले सागरमति भनेर माया दिएको सागरमति कुनै मान्छे थिइन, थिई भने सागरमति एउटा निष्ठुर समय थिई, एउटा अभाव र पीडाको अनुभूति, एउटा कहालिलाग्दो क्रुर समयको बहाव थिई।
>
> (पृ. ६७)

यसरी सागरमतिको आकर्षण वर्षौंपछि यहाँनेर आएर कथा सम्पन्न हुन्छ।

### ५.१.८.२ सहभागी र सहभागिता

'सागरमति' कथाको मुख्य पात्र सागरमतिकै नामबाट राखिएको हो। बाध्यतापूर्ण जीवन सञ्चालनको लागि सागरमतिले वैशको सागरमा सबैलाई डुबाएकी छिन्। दमको रोगी आमा र लङ्गडा भाइलाई पाल्नको लागि सञ्चालन गरेको

सदरमुकामको होटलमा सबैभन्दा बढी उनैको वैश चलेको छ। उनको वैशलाई सेवन गर्ने ग्राहकहरू सरकारी सेवाका विभिन्न कार्यालयका हाकिमहरू र नेताहरू छन्। यी राष्ट्रसेवकहरू हरेक रात सागरमतिको वैशको सेवामा हाजिर हुन्छन्। सागरमतिले एउटा होटलमा सञ्चालन गरेकी दुईवटा व्यापारले पनि आमाको रोग र भाइको अपाङ्गता निको नभइ मृत्यु हुन्छ। यी सम्पूर्ण कुरा म पात्रले देखेका र १५ वर्षपछि त्यस होटल बिक्री भइसकेको र सागरमति बेठेगान भएको सन्दर्भ प्रस्तुत गरेको छ। त्यसैले सागरमति र म पात्र यस कथाको केन्द्रीय पात्र हुन् भने हाकिमहरू, पुलिस, डाक्टर नेताहरू सहायक पात्र हुन्।

### ५.१.८.३ परिवेश

सागरमति कथामा निश्चित कालखण्ड आएको छैन तापनि समयको दृष्टिले हाकिमहरू खुल्ला रूपमा महिलाको वैश भोग चलन गरेको सन्दर्भले पञ्चायतीकालीन समय ज्ञात हुन आउँछ। जतिबेला सर्वसाधारणहरू शासित रहन्थे। यस्तो अवस्था रहेको कालगत परिवेशमा सागरमतिको बाध्यताले सञ्चालन गरिएका दुई सेवाहरू जिल्लाका विभिन्न कार्यालयमा हाकिमहरूदेखि डाक्टर, प्रहरी प्रमुखले उपभोग गरिरहेका हुन्छन्। यस्ता दुई सेवाहरूमध्ये खुल्ला र ठुलो कोठामा भोग मेटाउने वस्तुहरू वितरण हुने गर्छ भने बन्द कोठामा प्रकृतिले उपहार दिएको सागरमतिका हरेक अङ्गहरू उपयोग गर्ने व्यवस्था मिलाइएको छ। यी सेवामध्ये दोस्रो सेवा हाकिमहरूलाई मात्र खुल्ला गरिएको हुन्छ। यसरी जिल्ला सदरमुकाममा हुने यौवना भोगको रात्रीकालीन परिवेशमा घट्ने घटनाहरू नै यस कथाको परिवेश हो। यो कथा यौन कथा भएकाले यही परिवेशले कथालाई जीवन्तता प्रदान गरेको छ।

### ५.१.८.४ दृष्टिबिन्दु

सागरमति कथा सागरमतिको चरित्रमा आधारित कथा हो। उनको चरित्रलाई म पात्रले देखेको छ भने १५ वर्षपछिको सागरमतिको अन्त्यको सूचना पनि म पात्रले नै दिएको छ तापनि कथावस्तुको सञ्चालन गर्ने, कथाको शरीर निर्वाह गर्ने मूल भूमिका निर्वाह गर्ने सागरमति नै भएको हुँदा तृतीय पुरुष दृष्टि बिन्दुमा कथा लेखिएको छ। यहाँ रोजिएको दृष्टिबिन्दुबाट सुशासनहीन नेपालको ऐतिहासिक

सन्दर्भमा राष्ट्रसेवकले नै महिला हिंसा गर्ने गरेको र महिलाहरू गरिबी र बाध्यताले आफ्नो शरीर खुल्ला छाड्न पर्ने बाध्यता भएको दृष्टिकोण कथाकारले प्रस्तुत गरेको छ ।

### ५.१.८.५ उद्देश्य

सागरमति कथाको पात्र सागरमतिले सञ्चालन गरेकी होटलमा हाकिमहरूले सागरमतिको शरीर पनि पटक पटक चाख्ने गर्छ भने सागरमतिमा सर्वस्व बेचेर लङ्गडो भाइ र बुढी आमा पाल्नुपर्ने बाध्यता छ । त्यसैले यो कथाको उद्देश्य यौन चरित्र देखाउनु नभइ गरिबीको कारण धन्दालाई स्वीकार गर्नुपर्ने बाध्यतालाई प्रस्तुत गर्नु नै कथाको उद्देश्य हो ।

### ५.१.८.६ भाषाशैली

प्रस्तुत कथा यौन कथा हो तर यौन पेसा नारीको वेश्यावृत्तिको लागि नभएर बाध्यताको रूपमा रहेको धन्दा हो । यो कथामा सागरमतिले आफ्नै यौवनलाई छोपेका आवरणलाई अनावरण गर्न हाकिमहरूलाई स्वतन्त्रता दिएर होटल सञ्चालन गर्न परेको छ । सागरमतिको बाध्यताजन्य चरित्रसँगै हाकिमहरूको चरित्रलाई अभिव्यक्तिमा पहिचान गर्न त्यही अनुसरणको संवाद प्रयोग गरिएको छ । जस्तै :

- पाँच मिनेट त बस न सागर ! म तिम्रो आँखाको सागरमा एक पटक डुबुल्की मार्न चाहन्छु ।
- ए सागरमति ! पुलिसहरूसँग पनि माया गर्ने मुटु हुन्छ नि ! (पृ. ९३)

यसै गरी सागरमतिको वैशलाई उपभोग केन्द्रको रूपमा देखाउन आलङ्कारिक भाषाको प्रयोग गरिएको छ :

> कतै एकान्त र शान्त जङ्गलबिच फुलेको सुन्दर गुराँस फूल हो सागरमति । ... रसिलो पाकेको सुन्तला झैँ भरिलो र झरिलो छे सागरमति । ... सागरमति यात्रीहरूको तिर्खा मेट्ने कञ्चन झर्ना हो । (पृ. ९१)

व्यस्त सडकको नाम हो। यसमाथि स्थानीय स्वघोषित भद्र नागरिकहरूदेखि कर्मचारीहरूसम्म सहज रूपमा हिँड्छन्।

कथाकार हिराधन राईले सागरमति कथामा यसरी सरल तथा आलङ्कारिक भाषाको प्रयोग गरेका छन्। जसले गर्दा कथाको मूलवस्तुको भाव सहज र स्वभाविक समेत बनेको छ।

## ५.१.९ चिठी

### ५.१.९.१ कथानक

'चिठी' द्वन्द्व कथा हो। नेपालले एक दशकभन्दा बढी जनयुद्ध व्यहोर्नु परेको घटनालाई कथामा विषयवस्तु बनाइएको छ। कुनै दुर्गम पहाडी जिल्लाको सेरोफेरोमा लेखिएको यस कथाको पात्र विक्षिप्त छन्, जसको कारण श्रीमती लडाइँमा गोली लागेर मर्नु हो। तर श्रीमतीको मृत्यु भएको छ भन्ने यथार्थ सत्यलाई स्वीकार्न नसकी पागल बनेका रूपनको बा'का धेरै चिठीहरू हुलाकमा थाक बनेर बसेका हुन्छन्। आफ्नो प्यारी अर्धाङ्गिनीसँगको अगाध माया र प्रेमले भरिएका चिठीका हरफहरू पढ्दा स्वतः कुनै पनि पाठकको आँखामा आँसुको दह हुन्छ। अन्त्यमा उसको मृत्युले पनि मानवीयतालाई हल्लाएर जान्छ। यसबाट नेपालको राजनैतिकप्रति सामाजिक व्यङ्ग्य गरिएको छ।

### ५.१.९.२ सहभागी र सहभागिता

'चिठी' कथाको मूल चरित्र रूपनको बाबा वा अबोधप्रसाद हो। उनी छोरा र श्रीमती गुमाएपछि परिवारको माया र पुरानै गरिबीले पागल बनाउँछ। यसपछि उनले मृत्युवरण गरेको श्रीमतीलाई विभिन्न चिठी लेख्दै हुलाक धाउने गर्छ। उनका चिठीहरू नयाँ हाकिम बनी गएका म पात्रले सबै हेर्छ। चिठीमा स्वर्गीय श्रीमतीको लाखौं मायाहरू सँगालिएको हुन्छ। यसैले रूपनको बाबा मुख्य सहभागी हुन्, सहायकमा म पात्र, सुब्बा, रूपनको आमा छन् भने गौण सहभागीहरू गाउँले, सेनाहरू रहेको छ।

### ५.१.९.३ परिवेश

चिठी कथामा ग्रामीण गरिबीलाई प्रस्तुत गरिएको छ । आज पनि यस्ता गरिबी छन् । तर, यो कथामा भने द्वन्द्वकालीन अवस्थाको गरिबीलाई प्रस्तुत गरिएको कथा हो । अति गरिबीको कारण बाँसको टाँटीले बारेको घरमा जाडो याममा पातलो ओढ्नेले रात कटाउनु पर्ने, कुपोषणले छोराको मृत्युवरण हुन गएको, सेना व्यारेक नजिक जनयुद्धकालको भिडन्तमा मन पुगेको यसरी एकातिर द्वन्द्वकालीन समय अर्कोतिर गरिबी र असुरक्षा यिनै परिवेशमा कथावस्तु सम्पन्न भएको छ ।

### ५.१.९.४ दृष्टिबिन्दु

रूपनको बाबाको सम्पूर्ण घटना कहानी म पात्रले सहपाठीसँगको संवाद र रूपनको बाबाले रूपनको स्व. आमालाई लेखेको चिठीबाट साभार गरेको छ । त्यसैले प्रथम पुरुष दृष्टिबिन्दुमा 'चिठी' कथा लेखिएको छ। रूपनको बाबाले स्वर्गारोहण बनेकी श्रीमती रूपनको आमालाई लेखेको विभिन्न चिठीको पङ्क्तिबाट नेपालको गरिबी र गरिब वर्गले बाँच्ने रहरहरू अपूर्ण रूपमा समापन गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

### ५.१.९.५ उद्देश्य

गरिबी र देशको राजनैतिक युद्धको कारण रूपनको बाबाले क्रमशः पालैपालो छोरा र श्रीमती गुमाउन पुग्छ । यसपछि उनी पागल भइ स्वर्गीय जीवन साथीलाई चिठी लेख्छ । यस सन्दर्भबाट गरिबीको कारण मान्छेहरू पुरा आयु नबाँच्न सक्छ, बाँचेको जीवन न त सुखद रूपमा काट्न सक्छ । यही देखाउने यस कथाको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

### ५.१.९.६ भाषाशैली

चिठी कथामा ५ वटा चिठीहरू पढिसकेपछि सम्पूर्ण कथाको अर्थ खोलिएको छ । त्यसैले यो कथा पत्रात्मक शैलीमा लेखिएको छ । गरिबी, शोषण र असुरक्षाले गर्दा अबोधप्रसादको छोरो श्रीमतीको मृत्यु हुन जान्छ । त्यसपछि पागल बन्न पुगेको अबोधप्रसादले स्वर्गीय श्रीमतीलाई चिठीहरू लेख्छ । जस्तै :

> रूपनको आमा !
>
> अँध्यारो नै अँध्यारो छ चारैतिर । तिमीलाई खोज्न उज्यालोको खाँचो छ । एकै छिन पर्ख है म भुँडे साहुकोमा सुकेको बाँस खोज्न जान्छु र राँको बनाएर बाल्छु अनि उज्यालो पारेर तिमीलाई खोज्न आउँछु । नडराउनू, नअत्तालिनू, आखिरी म छँदैछु । तिमीले डराउनु पर्दैन । म जसरी भए पनि आइपुग्छु । पर्ख है !
>
> (पृ. ७३)

> रूपनको आमा !
>
> राँको भेट्न मुस्किल पऱ्यो मलाई । सबै बाँस भिजेको रहेछ कति आगोमा सेकाउँदा पनि बल्न मानेन, उज्यालो दिन सकेन तर अझै पनि नडराउनू । म हर्के साहुकोमा जान्छु र टसलाइट माग्छु । तिमीलाई भोक पनि लाग्यो होला, एक-दुई फाँको मकै भट्मास पनि मागेर पोल्टामा ल्याउँला । तिमी वन-जङ्गल, भीर-पहरा जहाँ पुगेको भए पनि आतेस नखाइ मलाई पर्खेर बस्नू । ईश्वर हाम्रा साथमा छन् । म तिमीलाई भेटाएरै छोड्छु । म तिमीनेर आउँछु-आउँछु । पर्खी बस है !
>
> (पृ. ७३)

कथाको भाववस्तु वा मर्मलाई उदिप्त बनाउन प्रयोग गरिएको भाषा त्यति नै सशक्त छ :

> अबोधप्रसादको श्रीमतीको हत्या र उसको चेतनाको हरण साथै मृत्यु कसले गरायो ? एकताले कि अनेकताले ?

यसका साथै यो कथामा प्रयोग गरिएको भाषा आलङ्कारिक, व्याकरण विचलनयुक्त आदिको प्रयोग गरिएको छ ।

## ५.१.१० फूल र पत्थरको आँसु

### ५.१.१०.१ कथानक

उज्यालो खोज्ने आँखाहरू देखाउने मास्टर जो साना नानी र फूलहरूमा रमाएर आफ्नो जिन्दगी काटिरहेको हुन्छ। भाटबहादुरजस्ता धनीमानी सामन्ती स्कुलमा बेला बेलामा हैकम चलाउने गर्छ र फूलबारी बिगार्ने गर्छ। हैकमवादी भाटबहादुरको छोरा सहरमा पढ्न जान्छ र खराब सङ्गतमा परी एड्सबाट मर्छ। कुनै दिन राजाको गुणगान लेख्ने भाटबहादुरले समयले ल्याएको आमूल परिवर्तनसँगै स्कुलमा पुगेर त्यो लेखाइलाई नष्ट पार्ने मास्टरजीलाई अनुरोध गर्छन्। यसरी देशमा आएको परिवर्तनबाट सामन्ती प्रवृत्तिको के कसरी समाप्त हुन्छ भन्ने कुराको यो कथामा प्रस्तुत गरिएको छ।

### ५.१.१०.२ सहभागी र सहभागिता

'फूल र पत्थरको आँसु' कथामा दुई पक्षका प्रतिनिधित्व गर्ने प्रतिकात्मक पात्रहरू छन्। यसमा फूलले साधारण नागरिकहरू र पत्थरको आँसुले निरङ्कुश शासनको प्रतिनिधित्व गरेको छ। पछि राजतन्त्र ढल्ने बेलामा पथ्थर पक्ष न्यायको भिख माग्दै रुनुपरेको छ। फूल पक्षमा मास्टरको रूपमा रहेको 'म', सानीकी आमा, विद्यार्थीहरू रामबहादुर, सलिना, मनबहादुर, यशोधा, हरिशङ्कर, प्रभाकरण छन् भने पत्थरको आँसु पक्षमा भाटबहादुर रहेको छ। भाटबहादुर विद्यालयको निरीक्षक रहेको छ र उसको जिम्मेवारी विद्यालयमा राजाको गुणगान पढाउनु लगाउनु रहेको छ। उनले म पात्रको विद्यालय निरीक्षणको क्रममा दिएको सुझाव :

> राजा भनेको साक्षात विष्णुको अवतार हुन्। बालकहरूको दिमागमा तिनै ईश्वरका लीला भर्नुपर्नेमा त्यो पाइएन। आगामी दिनहरूमा सो काम गर्नुपर्ने देखिन्छ

(पृ. ८०)

यसरी हेर्दा फूल पक्षका आँसु पात्रहरू सत्पात्र हुन् भने पत्थरको आँसु पक्षका पात्रहरू खलपात्रहरू हुन्। सत्पात्रको प्रतिनिधित्व शिक्षक म पात्रले गरेको छ भने

खलपात्रको प्रतिनिधित्व विद्यालय निरीक्षक भाटबहादुरले गरेको छ। त्यसैले यी दुवै मुख्य पात्रहरू हुन् भने सहायकमा विद्यार्थीहरू छन् भने गौणमा भाटबहादुरको सहर पढ्न गएको एड्सले मृत्यु भएको छोरा, विद्यार्थीहरू, भाटबहादुरका गाउँका मास्टर आदि रहेको छ। यसरी बहुपात्रहरूको सहभागितामा प्रस्तुत कथा सम्पन्न गरेको छ।

### ५.१.१०.३ परिवेश

प्रस्तुत कथाको घटनावस्तु नेपालको राजतन्त्रको चरम शोषण र राजतन्त्रको समाप्तीको कालखण्डको रहेको छ। राजतन्त्रको जगेर्नाको लागि विद्यालयमा राजालाई भगवानको रूपमा पढाउनु पर्ने भन्दै विद्यालय निरीक्षणमा खट्ने गरेको, निरीक्षकले शिक्षकलाई दुर्व्यवहार गर्ने गरेको, विद्यार्थीलाई समेत कुट्ने गरेको देखाइएको छ। राजतन्त्रको यस्तो चरमतापछि राजतन्त्रको अन्त्य गर्न नागरिक आन्दोलनको बाढी आएपछि राजावादीहरू भागेका, राजतन्त्रको पक्षपोषण गर्ने प्रमाणहरू लुकाउन सबैमा अनुनय गरेका घटनाहरू समावेश गरिएको छ। यी घटनाहरू घटित स्थान गाउँको प्राथमिक विद्यालयलाई मुख्य केन्द्र बनाएको छ। त्यसैले राजतन्त्रको चरमता र अन्त्य भएको घटनालाई तत्कालीन ग्रामीण परिवेशबाट देखाइएको छ।

### ५.१.१०.४ दृष्टिबिन्दु

विद्यालयका शिक्षक म पात्रले यस कथाको घटना भोगेको छ। उसको भोगाइ नै यस कथाको कथावस्तु हो। त्यसैले प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गरिएको छ। जसबाट नागरिक र राष्ट्रहित विपरीत निरङ्कुश, शोषण, उत्पीडन गर्ने कुनै पनि शासन र सत्ता एक दिन अन्त्य हुन्छ भन्ने दृष्टिकोण यस कथामा राखिएको छ।

### ५.१.१०.५ उद्देश्य

'फूल र पथ्थरको कथा' मा विद्यालयको निरीक्षक भाटबहादुरले राजाको गुणगान विद्यालयमा अनिवार्य पढाउनु पर्ने निर्देशन दिनुको साथै विद्यार्थीलाई समेत कुटपिट गर्ने गरेको देखाइएको छ। यसबाट राजतन्त्रकालीन सामन्ती व्यवस्था र ज्ञान प्रदान गर्ने शिक्षण संस्थाको दुरूपयोगलाई प्रस्तुत गरिएको छ। यही सन्देश प्रवाह गर्न यस कथाको उद्देश्य रहेको छ।

### ५.१.१०.६ भाषाशैली

'फूल र पत्थरको आँसु' प्रतिकात्मक कथा हो। फूल जनताको प्रतीक र पत्थरको आँसु निरङ्कुश शासनको प्रतीक हो। त्यसैले यहाँ प्रयोग गरिएको वस्तुगत परिस्थिति बोध गराउने भाषा दुई धारबाट प्रयोग गरिएको छ।

फूल पक्षको भूमिका निर्वाह गरेको भाषा आदेश पालनात्मक मनोविज्ञान बोध गराउने खालका लचिलो संवाद शैलीको छ भने पत्थरको आँसु पक्षमा आदेशात्मक नियन्त्रात्मक र सत्ता ढल्दै गर्दाको अनुनयात्मक छ जस्तै :

आदेशात्मक : ए ! माडसा'ब विद्यालयमा निरीक्षण पुस्तिका राख्नु भा' छैन ?

पालनात्मक : छ हजुर !

आदेशात्मक : यहाँ ल्याउनोस् त।

पालनात्मक : किन होला भाटबहादुर जी ?

नियन्त्रात्मक : किन भने प्रश्न छोड्नोस्, मलाई चिन्ने प्रयास गर्नुहोस्। .....

(पृ. ७९)

अनुनयात्मक : के गर्नु म त लथालिङ्ग भएँ, बर्बाद भएँ, माडसा'ब ! .... सोचेको सबै उल्टो भयो। देशमा राजा नै नरहने .... राजावादी र तिनीहरू कहाँ बस्छन् भनेर खोजिँदैछ रे, प्रमाण पनि खोजिने रे .... कृपा गरेर त्यो नष्ट गरिदिनु पऱ्यो।

(पृ. ८६)

यस कथामा माथि उल्लेख गरिएको भाषाशैलीको साथै विषयवस्तुलाई गम्भीर र भावप्रधान बनाउन सरल आलङ्कारिक भाषाको पनि प्रयोग गरिएको छ :

यो बेला पनि ऊ घोडाबाट ओर्लिएन। घोडा चढीचढी लेख्न लाग्यो। मसँगै बगैँचामा बालबच्चा डराइडराइ उभिरहेका थिए।

यसरी 'फूल र पत्थरको आँसु' कथामा प्रयोग गरिएको भाषा विश्लेषणात्मक, प्रतिकात्मक र संवादात्मक रहेको छ।

## ५.१.११ फेरि अर्को आरोहण

### ५.१.११.१ कथानक/भाव

'फेरि अर्को आरोहण' नेपालको शेर्पा जाति र शिखर आरोहणको सम्बन्धमा सरल ढङ्गले प्रस्तुत गरिएको विषय वा प्रसङ्गको कथा हो। दोर्जे नामक पात्रको माध्यमबाट शिखर आरोहणका अनेकौं घटना र भोगाइ यस कथामा पर्याप्त पाउन सकिन्छ। मान्छेको आवश्यकताबाट हुने प्राप्ति र महत्त्वकाङ्क्षा मान्छेका लागि कतै सहज र कतै जटिल हुनसक्छ भन्ने सन्देश बोकेको यस कथाको मूल विषय हिमाल आरोहणकै सेरोफेरो अथवा शेर्पाहरूको परम्परा जस्तै भइसकेको पेसा वा अदम्य साहसबारे नै केन्द्रित रहेको छ।

### ५.१.११.२ सहभागी र सहभागिता

'फेरि अर्को आरोहण' कथामा निम्न र मध्यम वर्गीय पात्रहरूको सहभागिता रहेको छ। पूर्वोत्तर पहाड सोलुको जुनबेँसी र काठमाडौँ बौद्ध क्षेत्रमा स्थायी बसोवास गरिरहेका दोर्जे नामको पात्र छ। यिनै दोर्जेले गरेका मनोवादमा आएका अतीतमा भएका घटना, परिघटना, आरोहण, सङ्घर्ष र पहिलो भेटमै आफूलाई अति आकर्षक गर्न सफल ल्हामुसँगको प्रेम, विश्वास, विवाह र अचानक जीवन सङ्गिनीको मृत्युले मर्माहत बन्न परेको दोर्जेको पीडाका पलहरूले कथा सम्पन्न भएको छ। त्यसैले प्रस्तुत कथाको मूल सहभागीहरू दोर्जे र ल्हामु हुन् भने सहायक पात्रहरू आङ्टेपान्, बुहारी, नाति/नातिनी, फोर्ड र आङ्नर्बु हुन्। यिनीहरू कोही विदेशी आरोही पात्र हुन् भने नेपाली पात्रको रूपमा रहेको सहभागीहरू नेपाली निम्न वर्गीय सहभागी हुन्। यी सबै पात्रहरू सत् पात्र हुन्।

### ५.१.११.३ परिवेश

'फेरि अर्को आरोहण' कथाभित्र काठमाडौँ, बौद्ध, जोरपाटी, पशुपति, सोलुको लुक्ला, त्याङ्बोचे जनबेँसी, सगरमाथा र आधार शिविरहरू उल्लेख छन्। यी स्थानहरू काठमाडौँ र सोलु जिल्लाका विभिन्न भागमा अवस्थित गा.वि.स. का स्थानहरू हुन्। जहाँ हिमाल र शेर्पाहरूको बसोवास रहेको छ। यस कथामा शेर्पाको जीवन संस्कृति,

पेसा, साहस र सङ्घर्षका अनेकौं पक्ष उल्लेख गरिएका छन् । यो शेर्पाको जातीय र पेसागत परिवेश हो भने कालगत परिवेश हेर्दा साठीको दशक वा तत्कालीन देशको द्वन्द्व अवस्थाकै परिवेश झल्कन्छ जस्तै :

> सहरमा छिन-छिनमा निस्कने जुलुस, नारा र कोणसभा, नेताहरूको भाषण र अरू हो-हल्लाले दोर्जेलाई अलिकति पनि छुन सकिरहेको छैन ।

प्रस्तुत कथाका यस्ता उद्धरणले यो कथाको रचना परिवेश बुझ्न सकिन्छ । तर सम्पूर्ण कथा 'फेरि अर्को आरोहण' प्रतिको ऊ पात्रको मनोवाद र अतीत आभाषमय देखिएको छ । त्यसैले यस कथाको परिवेश साठ्ठीको दशकतिरको काठमाडौँ र सोलु आसपासको शेर्पा र हिमालको परिवेशमा केन्द्रित छ ।

### ५.१.११.४ दृष्टिबिन्दु

प्रस्तुत कथामा ऊ पात्रको शिखर आरोहणको क्रममा भेटिएकी होटेल्वाल्नीसँगको संवाद र ऊ पात्रकै मनोवादमा कथा टुङ्गिएको छ । ऊ पात्रको गरिबी, चिन्ता, प्राप्ति, निम्न वर्गीय जीवनको सजिव चित्रण यस कथामा गरिएको छ । दुई छाक टार्नको लागि हिमाली भेगका शेर्पाले गरेको वा गर्नुपर्ने हिमालसँगको सङ्घर्ष र शौखले सगरमाथा आरोहणमा आएका वा आउने विदेशी पर्वतारोहीका शिखर चुम्ने सपना र अप्ठ्यारालाई यस कथाले छर्लङ्ग चित्रण गरेको छ । त्यसैले यस कथामा तृतीय दृष्टिबिन्दुको माध्यमबाट निम्न वर्गीय हिमाली जीवन, सङ्घर्षलाई देखाउनु रहेको छ ।

### ५.१.११.५ उद्देश्य

प्रस्तुत कथामा हिमाल आरोहीलाई भौगोलिक अवस्थाको निर्देशन र यिनको सामान बोक्ने पेसामा संलग्न निम्न वर्गीय नेपालीको जीवन स्तरलाई प्रस्तुत गरेको हो । यो कथाको उद्देश्य नेपालको हिमाली भेगको निम्न वर्गीय जीवन पद्धतिलाई प्रस्तुत गर्नु रहेको देखिन्छ ।

#### ५.१.११.६ भाषाशैली

फेरि अर्को आरोहण कथामा प्रयुक्त भाषा सरल र सहज रहेको छ। यति हुँदाहुँदै पनि पर्वतारोहणमा प्रयोग हुने प्राविधिक, भाषा प्रयोगका कारण पाठकलाई केही सोचमग्न हुन बाध्य पार्छ ।

> जस्तै : खुम्बु आइसफल, खाँद र हिउँपहिरो, क्राम्पुन, रकवेन, साउथकोल, कोल, क्रिभास, ब्लुआइस, जुमरिङ आदि ।

यसैगरी विभिन्न घटना र सन्दर्भहरू र संवाद कलाले कथा दृश्यात्मक पनि बन्न पुगेको छ । आलङ्कारिक भाषा प्रयोगले कथालाई भावमूलक तथा शिष्ट बनाएको छ । जस्तै :

> "दोर्जे ! तिम्रो माया लाग्छ मलाई । हिमाल चढ्दा पर्वतको देवीले रक्षा गरुन् है तिम्रो ।"
>
> "दोर्जे ! हिमाल चढ्दा आकाश देवता र हिमालको देवीको सम्झना मनमा राख है !"
>
> "टेपानको आपा ! यो पटक मलाई डर लागिरहेको छ, तिमी सगरमाथा आरोहणमा नजाऊ ।"

कथाकार हिराधन राईको 'फेरि अर्को आरोहण' कथा भाषिक दृष्टिले सरल र सफल कथा मान्न सकिन्छ ।

### ५.१.१२ लोकतन्त्र र लोडसेडिङ

#### ५.१.१२.१ कथानक

'लोकतन्त्र र लोडसेडिङ' कथा नेपालमा भएको दशवर्षे जनयुद्धकै सेरोफेरो आधारित छ। जनयुद्धकालमा गाउँ छाडेर विभिन्न गाउँबाट सहर पस्न विवश जनताहरूले सहरमा पाएको दुःख, गलैंचा कारखानाका मजदुरी, कारखाना बन्द भएर बिचल्ली परेका थुप्रै मजदुरको साझा भोगाइ, राजनीतिले ल्याएको विकृति, विसङ्गतिले आम जनतामा पारेको असर, राजनीति सही ढङ्गले अघि बढ्न नसक्दा

देशमा पर्न जाने आर्थिक असर र यसले जनतालाई कष्टकर अवस्थामा गुज्रन बाध्य पार्दछ भन्ने मूल सन्देश बोकेको लोकतन्त्र र लोडसेडिङ कथाको कथ्य यही हो ।

### ५.१.१२.२ सहभागी र सहभागिता

लोकतन्त्र र लोडसेडिङ कथामा निम्न वर्गीय पात्रहरूको सहभागिता रहेको छ । पूर्वी पहाडबाट आएका रामबहादुर माझी र उतैबाट आएकी देवकी नामकी पात्रको भेट गलैंचा बुन्ने मजदुर बन्दा भएको छ । गलैंचा बुन्दाबुन्दै श्रीभद्र नामका राजनीतिक दलालको जालमा परी बेपत्ता पारिएको रामबहादुर माझी र कारखाना बन्द भएपछि सडकमा नाङ्ले पसल थापेर गुजारा चलाउने देवकी र छोरी सानीको कारुणिकता कथाको केन्द्रीय मर्म हो । प्रस्तुत कथाको मूल सहभागीहरू देवकी, सानु र रामबहादुर हुन् भने सहायक पात्र पात्रहरू श्रीभद्र र दुई जना युवक रहेका छन् । यिनीहरू कुनै अज्ञात तर नेपाली नै हुन् भने यी सबै सत् पात्र हुन् ।

### ५.१.१२.३ परिवेश

लोकतन्त्र र लोडसेडिङ कथाभित्र काठमाडौँ र पूर्व ३ नं. स्थानको उल्लेख छ । काठमाडौँको व्यस्त सडकको कुनै अज्ञात किनारामा नाङ्लोमा पसल थापी गुजारा चलाइरहेकी एक हतभागी नारीको दिनचर्या यस कथामा देवकी नामकी पात्रद्वारा चित्रण गरिएको छ । यो गरिबीले सर्लक्क निल्न खोजिरहेको एक विवश नारीको पेसागत परिवेश हो भने कालगत परिवेश परिवेशलाई हेर्दा देशमा व्याप्त अशान्ति, असुरक्षा र देशमा व्याप्त तत्कालीन द्वन्द्व अवस्था नै यस कथामा आएको परिवेश हो । द्वन्द्वले सिर्जना गरेका कष्टकर समयको जाँतोमा पिसिन बाध्य लाखौं जनताका साझा भोगाइलाई देवकी नामकी पात्रद्वारा चित्रण गरिएको लोकतन्त्र र लोडसेडिङ कथा गरिबी र अशान्तिले गाँजिएको देशको परिवेशमा केन्द्रित छ ।

### ५.१.१२.४ दृष्टिबिन्दु

प्रस्तुत कथामा ऊ पात्रको दयनीय जीवनको दृश्य परिदृश्यमा सुरु भइ कारुणिक अवस्थामै कथा टुङ्गिएको छ । ऊ पात्रको गरिबी, त्रासदी, पीडा, बिछोड र जीवनका दर्दनायक यात्राको सजिव चित्रण यस कथाको सबल पक्ष हो । गरिबले छाक टार्न गर्नुपर्ने सङ्घर्षको पराकाष्ठा ऊ पात्रको माध्यमबाट चित्रण गरिएको छ । त्यसैले

यस कथामा तृतीय दृष्टिबिन्दुको माध्यमबाट निम्न वर्गीय मानिसको जीवन सङ्घर्षलाई देखाइएको छ ।

### ५.१.१२.५ उद्देश्य

लोकतन्त्र सेवा र अवसरको छनौट गर्न पाउने स्वतन्त्रता र शासनमा जनता केन्द्रमा रहने पद्धति हो । कथाकारले यहाँ लोडसेडिङको कारण कारखाना बन्द भएको, खाना पकाउने ग्यास नपाएको, मजदुर र तिनका छोराछोरी भोकभोकै बाँच्नुपरेको देखाएको छ । यसरी गरिबीको सन्दर्भबाट नेपाली राजनीति र शासन प्रणालीको दुर्गती र यसबाट नेपाली गरिब जनताको जीवन कष्टकर रहेको देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ५.१.१२.६ भाषाशैली

'लोकतन्त्र र लोडसेडिङ' कथामा प्रयुक्त भाषा अत्यन्तै सरल र सहज रहेको छ । जस्तै :

> दिदी दुई खिल्ली चुरोट दिनोस् न ।
> कुन चुरोट ?
> सूर्य दिनोस् । आदि

यसैगरी विभिन्न घटना, सन्दर्भ र संवाद कलाले कथा दृश्यात्मक पनि बन्न पुगेको छ भने आलङ्कारिक भाषा प्रयोगले कथालाई भावमूलक तथा शिष्ट बनाएको छ । जस्तै :

> ओहो ! आठ बज्न लाग्यो, बत्ती जाने बेला भयो । सानुलाई के खान दिने ? रात कसरी काट्ने ? ग्याँस छैन, मटितेल छैन, पेट्रोल छैन । यो मधेश आन्दोलनबाट रोकियो तर बिजुलीको लोडसेडिङ केले गरेको छ ?
> मम्मी आउनु भयो ?
> आएँ छोरी ।
> आज पनि बत्ति गयो । भात पाकेन आज पनि । म त बासी पाउरोटी खाँदैछु । तपाईं के खाने ?
> खोई ! जे छ त्यही त खानु पर्दो हो ।

कथाकार हिराधन राईद्वारा लिखित 'लोकतन्त्र र लोडसेडिङ' कथामा यसरी भाषाको समायोजन गरेको देखिन्छ ।

## ५.१.१३ कुकुरदेखि सावधान

### ५.१.१३.१ कथानक

कुकुरदेखि सावधान यो कथा सहरभित्र हुने र गरिने अनेकौं अपराधमध्ये एक यौन शोषण र यौन अपराध बारेमा बुनिएको कथा हो। गाउँले सोझोपनको फाइदा उठाएर तथाकथित सहरका बाबु साहेबहरूले गरेको सामाजिक र यौन अपराधले कसैको जिन्दगी बर्बाद भएको छ। गरिबी, अचेतना र छिटो विश्वास गरिँदा कसैले कसलाई गर्नसक्ने घात ज्यादै विषालु हुन्छ भन्ने मूल सन्देश बोकेको कुकुरदेखि सावधान कथाको कथ्य रहेको छ।

### ५.१.१३.२ सहभागी र सहभागिता

कुकुरदेखि सावधान कथामा निम्न वर्गीय र सभ्रान्त वर्गीय पात्रहरूको सहभागिता रहेको छ। गाउँबाट सहर पसेका गरिबले सहरमा सभ्रान्त परिवारको भात पकाउने कार्य गर्दै जीवन गुजारा गर्न विवश सहभागीको चित्रण भएको यो कथा अदृश्य तर भइरहने घटनाहरूको रूपमा रहेको छ। प्रस्तुत कथाको मूल सहभागीहरू निशा, विक्रम बाबुसाहेब र मैया सा’ब हुन् भने निशान र युवक सहायक पात्र हुन्। यिनीहरू सबै नै नेपाली हुन्। यी सबै सत् पात्र पनि हुन्।

### ५.१.१३.३ परिवेश

कुकुरदेखि सावधान कथाभित्र काठमाडौँ र कुनै अज्ञात पहाडी गाउँको उल्लेख छ। काठमाडौँको नयाँ सडक र भूगोल पार्कमा हजारौं मानिसको भिडमा सोचमग्न छिन् कथाकी केन्द्रीय पात्र निशा। दुःखले वैदेशिक राजेगारीमा गएको आफ्नो श्रीमान् निशानको पर्खाइमा बसेकी निशाको अतीतको दर्दनाक भोगाइभित्र हराइरहेकी उनैको मनोवादमा केन्द्रित छ। सहरका तथाकथित सभ्रान्त परिवारको घर, विक्रम बाबुसाहेबको प्रेमको नाटक, विश्वासले पाएको धोका र अन्तमा मैया सा’बको घरबाट निशालाई निकाल्ने फैसला यी तमाम भोगाइले आक्रान्त पात्रको दुर्दान्त अवस्थाको कारुणिक चित्रण नै यस कथामा आएको परिवेश हो। सोझासाझा गाउँले जीवनको फाइदा उठाउन यस सहर नामका मान्छेहरू कति हदसम्म घिनलाग्दो कार्य गर्न सक्छन् ? कुकुरले सिनो लुछेजस्तो सोझी गाउँले युवतीलाई लुट्नसम्म लुटेर सडकमा

फोहोरझैँ फालिदिएपछि ती युवतीमा आएको आक्रोश र प्रतिशोधका कारण भूगोल पार्कमा उनले गरिरहेको क्रियाकलापमा प्रतिबिम्बित परिवेश यस कथाको मुख्य अंश वा परिवेश हो ।

### ५.१.१३.४ दृष्टिबिन्दु

प्रस्तुत कथामा ऊ पात्रको बाध्यताबाट कथानक सुरु भइ विक्षिप्ततामा कथा टुङ्गिएको छ । ऊ पात्रको सहरमा बाध्यात्मक परिस्थितिका कारण बस्नै पर्ने अवस्थाले निम्त्याएका असहजता कथाको माध्यमबाट पात्रहरूले सहज ढङ्गले निर्वाह गरेका छन् । जो कथाको सबल पक्ष पनि हो । सहर र गाउँ अथवा सहरिया र गाउँले जीवनशैली कति फरक हुन्छन् भन्ने कुरा ऊ पात्रका माधयमबाट प्रकट गर्न कथाकार सफल देखिएका छन् । नगर सभ्यतामा हेलिँदै गइरहेको समाजको निर्दिष्ट गन्तव्य नहुन पनि सक्छ भन्ने सबल प्रमाण पनि यस कथाका पात्र र चरित्र चित्रणले छर्लङ्ग पारेको छ । त्यसैले यस कथामा द्वितीय दृष्टिबिन्दुको माध्यमबाट सभ्रान्त वा सहरिया जीवन र निम्न वर्गीय वा गाउँले जीवनशैलीलाई देखाइएको छ ।

### ५.१.१३.५ उद्देश्य

'कुकुरदेखि सावधान' प्रतिकात्मक कथा हो । यसमा कुकुर सहरमा घर भएको घर मालिक हो । उसले गाउँबाट आएकी घरको सुसारे केटीलाई विहे गर्छु भन्दै यौन शोषण गर्दछ र गर्भ रहेपछि गर्भनिरोधको औषधी खुवाउँछ । यो घटनाबाट सहरको कुनै पनि घरमा राखिएका नारीहरू हिंसाका शिकार हुन्छन् भन्ने यथार्थको उद्घाटन गर्न यो कथाको मूल उद्देश्य रहेको छ ।

### ५.१.१३.६ भाषाशैली

कुकरदेखि सावधान कथामा प्रयुक्त भाषा सरल र सहज रहेको छ । तर पनि गाउँले र सभ्रान्त वर्गमा प्रयोग हुने केही भाषा साङ्केतिक रूपमा भने आएको छ । जस्तै :

बाबुसाहेब ।

बाबुसाहेबको खोजी ।

भुजा । आदि ।

यसैगरी विभिन्न घटना, सन्दर्भ र संवाद कलाले  कथा दृश्यात्मक पनि बन्न पुगेको छ । सभ्रान्त वर्गमा प्रयोग हुने भाषा प्रयोगले कथामा निहित रहेको भावलाई व्यक्त गर्न सकेको छ । जस्तै :

> निशा ! भुजा तयार भयो ?
>
> आजबाट तिमी मेरी भयौ निशा !
>
> मैले तिमीलाई भनिसकेको छु - केही चिन्ता लिनु पर्दैन, म छँदैछु ।
>
> बाबुसाहेब म गाउँकी केटी .... ।
>
> यो दबाइ खाऊ निशा !
>
> के को दबाइ हो बाबुसाहेब ?

कथाकार हिराधन राईद्वारा लिखित कुकुरदेखि सावधान कथा विषयवस्तुका दृष्टिले यथार्थ र सफल कथा मान्न सकिन्छ ।

## ५.१.१४ साप्सु गडतिर

### ५.१.१४.१ कथानक

'साप्सु गडतिर' कथामा माओवादी द्वन्द्वकालमा ग्रामीण जनताले भोग्नुपरेको हिंसा तथा असुरक्षा र त्यसले पारेको चीरकालसम्मको नकारात्मक असरलाई देखाएको छ ।

द्वन्द्वकालको समयमा साप्सुमा माछा मार्नसगएको गाउँले युवाहरूलाई सेनाले माओवादी भन्दै गोली चलाइ हत्या गर्छ । यसरी त्यस समयमा भएका ग्रामीण जीवनको असुरक्षा र हिंसालाई कथावस्तु बनाएको छ :

> उनीहरूबाट उठाइएको करको तलब खाने जनताको संरक्षकबाट नै मर्नु पर्नेछ भन्ने कुरा कसरी सोच्ने ? .... खोलामा खेलिरहेको देशका होनहार सन्तानहरूलाई सरकारको विक्षिप्त सोचले दुश्मन देख्यो । तिमीहरू माओदावी हौ भनियो । हो होइन, प्रमाण खोजिएन

अनुसन्धानको आवश्यकता महसुस गरिएन । पालैपालो गोलीको निसाना बनाइयो ।

(पृ. ११५)

मानिस वा समुदायमा नकारात्मक घटना, अन्याय, शोषणले मानिस वा समुदायलाई नकारात्मक प्रभाव लामो समयसम्म पार्दछ । यसले उनलाई प्रगति गर्न ठुलो बाधा गर्छ । यो पक्ष अति नै संवेदनशील पक्ष हो । यसबाट मानिस प्रगति समृद्धिभन्दा निराशा र प्रतिशोध रोज्छ । जस्तै :

निराशा : सिम्मा अञ्जुलीभरि साप्सुको पानी उठाउँछे, हेर्दा लाग्छ मानौं सिम्मा आफ्नो दाजुलाई अञ्जुलीभरि उठाइरहेकी छे । दाजुको मायामा सिम्मा पुरै भिज्छे ।

(पृ. ११८)

प्रतिशोध : काधको झोलाको रातो रङ्ग जस्तै सिम्माको मनको रङ्ग फेरिएको छ । आवासतर्फ हेरिरहेकी सिम्माको हातमाथि उठेको छ, दरिलो मुठ्ठी कसिएको छ र उसको मुठ्ठीभित्र एउटा दृढ अठोट छ ।

(पृ. ११९)

यसरी घटना अनुसार भाषाको समायोजन गरी विषयवस्तुलाई विश्वसनीय, दृढ र स्पष्ट बनाइएको छ ।

### ५.१.१४.२ सहभागी

'साप्सु गडतिर' घटनाप्रधान कथा हो । यसभित्र आएका सहभागीहरूमा सिम्माको सुरुदेखि अन्त्यसम्म भूमिका रहेको छ । उनैको जीवनले यो घटना भागेको छ भने घटना घटाउने भने अन्य पात्रहरू छन् । यस्ता पात्रहरूमा मुख्य गरेर सिम्माको दाइ लगायत गाउँले युवाहरू साप्सु खोलामा माछा मार्न जान्छन् । त्यही अवस्थामा सेना आइ माओवादी भनेर गोली चलाइ सबैलाई मार्छन् । यिनै सहभागीको सहभागितामा कथाको मूल घटना घटेको छ । त्यसैले यिनीहरू प्रमुख सहभागी हुन्

भने सिम्माको आमा, बाबा, मानव अधिकारकर्मी, समाचार वाचक, गाउँलेहरू सहायक हुन् । यसरी मुख्य र सहायक सहभागीहरूको माध्यमबाट कथा सम्पन्न गरिएको छ ।

### ५.१.१४.३ परिवेश

खोटाङको साप्सु खोलामा माछा मार्ने गाउँलेहरूलाई माओवादीको आरोपमा मारिएको यथार्थ घटनामा आधारित कथा हो । यो कथाले बोलेको घटना र वातावरण यथार्थमा आधारित छ । त्यसै माओवादी द्वन्द्वकालीन समय र यस समयमा ग्रामीण क्षेत्रमा भएको सर्वसाधारणको असुरक्षा र हिंसाको तत्कालीन परिवेश नै यस कथाको परिवेश हो ।

### ५.१.१४.४ दृष्टिबिन्दु

'साप्सुको गडतिर' कथामा सिम्माले जीवनमा भोगेका अपुरणीय क्षति र यसपछिको जीवनलाई क्रान्तिमा होमेकी छिन् । यी घटना परिवेशलाई लेखक आफैले लुकेर भनेको छ । जसले गर्दा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ । यसबाट कुशासनले मानव मनोवृत्तिलाई विकासतिर नभइ प्रतिशोध र विनाशतिर लैजान्छ भन्ने विचार राखिएको छ ।

### ५.१.१४.५ उद्देश्य

'साप्सु गडतिर' कथा द्वन्द्वकालमा खोटाङको साप्सु खोलामा माछा पक्रन गएका युवाहरूलाई माओवादी भन्दै हत्या गरेको वास्तविक घटनामा आधारित छ । यसबाट द्वन्द्वकालमा सर्वसाधारणले भोग्नुपरेको आतङ्क, असुरक्षा, अन्यायलाई प्रस्तुत गर्नु यो कथाको मूल उद्देश्य देखिन्छ ।

### ५.१.१४.६ भाषाशैली

भाषिक सरलता हिराधन राईको कथाको विशेषता हो । उनको भाषिक उपस्थिति यस कथामा यही रहेको छ । आलङ्कारिकता, बिम्ब, प्रतीकको प्रयोग, व्याकरण विचलन गरिने परम्परा साहित्यमा रहन्छ । यो परम्पराभित्र प्रस्तुत कथा पनि समाहित भएको छ । घटनावस्तुको उपस्थिति अनुसार प्रयोग गरिएको भाषाले कथाको मूल्य र मर्मलाई स्पष्ट पार्न सकेको छ । जस्तै :

> गाउँमा यो घटनापछि विद्रोहीहरूले खेल्ने मौका पाएका छन् । ती पीडितहरू जसका छोराहरू अनाहक मारिएका छन्, प्रतिशोधका राँकोसँगै बलिरहेका छन् । यस कारणले विद्रोहीहरूले उनीहरूको घरमा सिठोपिठो जे छ पेटभरि खान पाइरहेका छन् ।
>
> (पृ. ११७)

यसरी भाषिक दृष्टिले कथा सम्प्रेषणीय छ । कथामा प्रयोग भएका भाषाको शैली भने विश्लेषणात्मक रहेको छ ।

## ५.१.१५ पच्चिस वर्ष

### ५.१.१५.१ कथानक

कथा 'पच्चीस वर्ष' मा मानिसभित्रको यौन कुण्डालाई विषयवस्तु बनाएको छ । रुक्मिणीसँग 'म' पात्र पच्चिस वर्ष अगाडि धरानमा एउटै घरमा डेरा गरी बस्थे । सौन्दर्यकी धनी रुक्मिणीको तीव्र यौन आकाङ्क्षा र म पात्रको मानसिक अन्तर्द्वन्द्वलाई पच्चिस वर्षपछि ताजगी गरिएको छ । उमेर जेठी रहेको रुक्मिणी म पात्रसँग दिदीभाइको साइनोले बोल्ने गर्छ । उमेरले यौवन छाड्दै गएकाले पनि रुक्मिणी म पात्रलाई शारीरिक सुविधा प्रदान गर्न चाहन्छन् तर म पात्रको परिवार छोराछोरी भएकाले सुविधा उपयोग गर्दैन । पच्चिस वर्षपछि भने सुविधाको लोभ गर्न पुग्छ । जस्तै :

> रुक्मिणी दिदीको अङ्गको झन् झन् दह्रो बन्दैछ । उनको सास फेराइमा समेत परिवर्तन भएको छ । .... उनको हातले ठाउँ कुठाउँमा मुसार्न लागिन (पृ. १२९) ।

यसरी यो कथामा मानवीय जीवनका यौन कुण्डालाई विषयवस्तु बनाएको छ ।

### ५.१.१५.२ सहभागी र सहभागिता

'पच्चिस वर्ष' कथाको केन्द्रीय सहभागी रुकमिनी र म पात्र हुन् । रुक्मिनीको यौन चाहना र म पात्रको समर्थनता तर उपयोग गर्न सक्ने आँट नभएको मानसिक

यौन अन्तरद्वन्द्व यहाँ प्रस्तुत गरिएको छ । पटक पटक रुक्मिनीले दिएको अवसरलाई म पात्रले सदुपयोग गर्न सक्दैन । म पात्रले २५ वर्षपछि यस अवसरको लोभ गर्छ । यो घटनालाई म पात्र वा धिराजले पच्चिस वर्षपछि स्मरण गरिरहेको सन्दर्भमा कथावस्तु निर्माण गरिएको छ । यस कथाको मुख्य सहभागी रुक्मिनी र धिराज हो भने पदमाबाट सहायक पात्रको भूमिका देखाइएको छ । गौण पात्रको रूपमा धिराजको श्रीमती, छोराछोरी आएको छ । यसरी यो कथा सीमित सहभागीको सहभागिता गराइएको छ । किनभने म पात्रले पच्चिस वर्ष अगाडि भोगेको तर मनमा बोकी राखेको कुण्ठालाई संस्मरणात्मक रूपमा पेश गरिएको छ ।

### ५.१.१५.३ परिवेश

'पच्चिस वर्ष' कथामा निश्चित कालखण्ड आएको छैन । पच्चिस वर्ष अगाडिको घटनालाई कथा बनाइएको छ । कथाले ग्रहण गरेको विषयवस्तु समाजमा जही पनि यही रूपमा दबिएर रहेकै हुन्छ । स्थानको रूपमा धरानलाई लिइएको छ । यसरी धरान कार्यपिठिका बनाइएको प्रस्तुत घटनाका सहभागीहरू विद्यार्थी जीवनकालका छन् ।

### ५.१.१५.४ दृष्टिबिन्दु

प्रथम पुरुष दृष्टिबिन्दुमा प्रस्तुत गरिएको 'पच्चिस वर्ष' कथामा पच्चिस वर्ष नाघेको रुक्मिनी दिदीको यौन कुण्ठाको सन्दर्भबाट नारीहरूले यौन आनन्दको लागि भन्दा पनि वैवाहिक जीवनको लागि पनि पुरुषहरूलाई यौन निम्तो प्रदान गर्दछ भन्ने विचार राखिएको छ ।

### ५.१.१५.५ उद्देश्य

म पात्र र रुक्मिनी बिच धरान बस्दाको सम्बन्धको सन्दर्भ पच्चिस वर्षपछि म पात्रले स्मरण गरेको छ । यही नै कथाको विषयवस्तु हो । उमेरले डाँडा काट्दै गरेकी अविवाहित रुक्मिनी र विवाहित म पात्र जसमा रुक्मिनीले वैशालु प्राकृतिक अङ्गहरू म पात्रलाई हस्तान्तरण गरेको छ तर म पात्रले उपयोगको साहस गर्न सकेको छैन । यसबाट महिला यौनवृत्ति र वेश्य चरित्रको लागि मात्र नभइ वैवाहिक जीवनको लागि पनि यस्ता निम्ता दिन्छन् भन्ने सन्देशको सञ्चार गर्नु यस कथाको उद्देश्य रहेको छ ।

#### ५.१.१५.६ भाषाशैली

मानवीय जीवनको यौन कुण्ठालाई देखाउनका लागि यो कथामा विभिन्न भाषिक आचरणको प्रयोग गरिएको छ। जसभित्र आलङ्कारिक अर्थ लुकाइएको छ। जस्तै :

> उनको र मेरो बिच दिदी भाइको नाताको बान्धिलो बारले हाम्रो सुरक्षा गरिरहेको थियो (पृ. १२४)।
>
> रुक्मिनी अस्तव्यस्त सुतिरहेकी थिइन्। राम्रोसँग हेर्न मलाई सरम लाग्यो (पृ. १२४)।
>
> उनको उन्नत छाती पनि ब्रेसियरमा च्यापिएर बाहिरको हावासँग जिस्किँदै थियो (पृ. १२४)।

यसका साथै विभिन्न बिम्ब र प्रतीकको प्रयोग, व्याकरण विचलनयुक्त तथा आलङ्कारिक भाषाको प्रयोग गरी त्यसभित्र कथाको ठोस अर्थ (अश्लील अर्थ) लाई लुकाइएको छ। यसरी भाषिक प्रयोग भएको कथाको भाषाको शैली भने विश्लेषणात्मक रहेको छ।

### ५.१.१६ अद्भूत आँखा

#### ५.१.१६.१ कथानक

'अद्भूत आँखा' यस कथासङ्ग्रहको अन्तिम कथा हो। सिताको घरमा अद्भूत आँखा भएका व्यक्तिले अरुणिमामा एक किसिमको छटपट्टी र जिज्ञासा हुन्छ। आफ्नो दिलबाट, दिमागमा ती प्रतिबिम्बलाई बिर्सन खोज्दा खोज्दै पनि सम्झना रहेको हुन्छ। वास्तवमा यो महिलाले पुरुषप्रतिको आशक्ति वा यौवनाकालको पुरुष आकर्षण हो

> धत्! व्यर्थैमा सिताको घर गइयो। जीवनमा कहिल्यै नदेखिएको अर्को ब्रह्माण्डको मानिस देखियो।

हेटौडाको उद्योगपति आफ्नो साथी सिताको अङ्कल भन्ने जानकारी लिएर अरुणिमा जिज्ञासा मेटिन्छ - कथाको सार यही हो।

### ५.१.१६.२ सहभागी र सहभागिता

'अद्भूत आँखा' कथामा सहभागी गराइएको सहभागीहरूमा अरुणिमा, सिता, अनुपमा, सपना, उर्मिला, साधना, अरू साथीहरू र सिताको अङ्कल रहेका छन् । यीमध्ये मुख्य भूमिका निर्वाह गर्ने अरुणिमा र सिता छन् भने अरुणिमाको जिज्ञासा, छट्पट्टी उदिप्त बनाउने अद्भूत आँखा भएको सिताको अङ्कल छन् र अरुणिमाको छट्पट्टीलाई उजागर गर्दै लैजाने काम सिता र अन्य साथीहरूबाट भएको छ । त्यसैले अरुणिमा र सिता मुख्य सहभागी  अनुपमा, साधना सहायक सहभागी हुन् । सागर सर, अन्य साथीहरू गौण सहभागी हुन् । यिनै सहभागीको भूमिकाले यो कथाको विषयवस्तु अगाडि बढेको छ र अरुणिमाको दिलभित्र रहेको अद्भूत आँखा भएको व्यक्ति सिताको अङ्कल भएको पहिचान भएपछि कथा सम्पन्न भएको छ ।

### ५.१.१६.३ परिवेश

'अद्भूत आँखा' कथाको परिवेश बन्द, हड्ताल, आन्दोलन भइरहेको राजनैतिक परिवेश एकातिर छ भने अर्कोतिर विद्यार्थीहरू शिक्षकले प्रदान गरेको शिक्षा तथा सुक्तिलाई आफ्नै बुझाइमा लिएको देखाएको छ । जसमा शिक्षकले भनेको जीवनको पूर्णताको अर्थ आकर्षित पुरुष प्राप्त गर्न भन्नेतिर विद्यार्थीले बुझेको छ । यसरी हेर्दा कथाको परिवेश राजनीति र शिक्षा क्षेत्रको बेथितिपूर्ण परिवेश देखाइएको छ ।

### ५.१.१६.४ दृष्टिबिन्दु

'अद्भूत आँखा' कथामा प्रयोग गरिएको अद्भूत आँखा ईश्वरीय शक्ति नभएर यौवनकालमा आकर्षण गर्ने सुन्दर आँखाको रूपमा आएको छ । जसमा कथाका विषयवस्तु आलङ्कारिक नभइ स्वाभाविक रूपमा प्रस्तुत भएको छ । त्यसै कथामा प्रथम पुरुषको प्रयोगबाट देशमा व्याप्त राजनैतिक अस्थिरताको कारण यसले शिक्षा क्षेत्रमा नकारात्मक प्रभाव पर्दछ भन्ने रहेको छ ।

### ५.१.१५.५ उद्देश्य

'अद्भूत आँखा' कथामा किशोर उमेरमा रहेकी अरुणिमा सिताकी घरमा आएको एक युवकलाई देखेर ती युवकप्रति कौतुहल र आकर्षित बन्न पुगेकी छिन् । यसबाट किशोर उमेरमा महिलामा हुने युवा सुलभ आकर्षणको मनोविज्ञान उद्घाटन गर्नु रहेको छ ।

#### ५.१.१५.६ भाषाशैली

सरल र सहज भाषा यो कथामा प्रयोग भएको छ। यो कथाले लिएको विषयवस्तु राजनीतिक क्षेत्रको रहेको छ। जसमा राजनैतिक आलोचना, विरोध, कुनै नगरी यसको प्रभावलाई औंल्याउनेतिर कथा केन्द्रित छ। तर्क र विश्लेषणको दृष्टिबाट कथा नलेखिएकाले भाषा पक्षमा सरलता र स्वभाविकता आएको छ भने शैली वर्णनात्मक देखिन्छ।

## ५.२. हिराधन राईका फुटकर कथाहरूको विश्लेषण

हिराधन राईको फुटकर कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकशित भएको छ । यसको विवरण २.१० फुटकर सिर्जनाहरू शीर्षकमा दिइएको छ । यहाँ यी कथाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

### ५.२.१ अलन्तर

'अलन्तर' कथा नेपाली समाजमा हुने दुर्गम क्षेत्रबाट सुगम क्षेत्रतिर बसाइँसराइ गर्ने विषयलाई लिइएको छ । रणबहादुर तराईतिर पहाडी क्षेत्रबाट बसाइँ सर्दछ । माओवादी द्वन्द्वकालपछि मधेसमा चल्ने जातीय हिंसाका कारण उनी पुनः आफ्नो माटोमा फर्किनुपरेको हुन्छ । यसरी माओवादी द्वन्द्वकालपछि भएको जातीय हिंसालाई देखाउनु यस कथाको उद्देश्य हो । यी समस्यालाई देखाउन कथाका लिइएका पात्रहरू रणबहादुर, उनका छोराहरू र श्रीमती मुख्य सहभागी हुन् भने बसाइँसराइ क्षेत्रमा बसोवास गर्ने मधेसी मूलकाहरू, माओवादी योद्धाहरू सहायक सहभागी हुन् । रण बहादुरले भोगेका यी समस्यालाई स्वयम्को भोगाइ अनुभूतिमा आधारित गरिएर प्रस्तुत गरिएकाले यो कथा प्रथम पुरुष दृष्टिबिन्दुमा आधारित कथा हो ।

### ५.२.२ चिसिएको सम्बन्ध

असफल प्रेम सम्बन्धलाई विषयवस्तु बनाएका यस कथामा दीगम्बर अशिष्ट, दिगो र स्नेहपूर्ण चरित्रको अभावको कारण प्रज्ञासँगको प्रेम सम्बन्ध बिछोडमा परिणत हुन्छ । प्रज्ञाको अर्कैसँग वैवाहिक सम्बन्ध कायम भइ सफल पारिवारिक जीवन पनि

भएको हुन्छ । १५ वर्षपछि सन्तान सहितको प्रज्ञासँग दीगम्बरको एक्लो जीवन बिच भेट हुन्छ । दीगम्बरको अनुशासनहिनताको प्रतिफल यहीँनेर देखिन्छ र कथा टुङ्गिन्छ ।

यस कथामा दीगम्बर र प्रज्ञा प्रमुख सहभागी हुन् । दीगम्बर असत् सहभागी हुन् भने प्रज्ञा सत् सहभागी हुन् । प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको यस कथाको उद्देश्य अनुशासित प्रेमलाई देखाउनु रहेको छ ।

## ५.२.३ बेसौते

'बेसौते' कथा निम्न वर्गीय समाजमा घट्ने विकृतिपूर्ण चरित्रलाई गरिब तर सत् पात्रको माध्यमबाट समाधान खोजिएको सामाजिक यथार्थवादी कथा हो । यसमा एक्लो र अभावपूर्ण जीवन गुजारा गरिरहेको रकमबहादुरले ६ महिनाको गर्भ बोकेको केटीलाई रु. १,५०० दाम सहित भित्र्याउँछ र गाउँमा सामाजिक बहिष्कारमा पर्दछ । ४ महिनापछि छोरा जन्मिन्छ र उसको नाम शरणबहादुर राखिएको हुन्छ तर गाउँलहरूले बेसौते नामबाट घृणा सहित बोलाउने गर्दछ । आर्थिक तथा पारिवारिक जीवन सफल र सुमधुर हुँदै जान्छ । चरम माओवादी द्वन्द्वकालमा बेसौते माओवादीको नेता बन्न पुग्छ । बेसौतेबाट गाउँलेहरूले शान्ति र परिवर्तनको अपेक्षा र विश्वास गर्दछ र कथा गाउँ र समाजको सकारात्मक सम्बन्ध सहित टुङ्गिन्छ ।

यस कथाको केन्द्रीय चरित्र रकमबहादुर वा बेसौतेको बाबु हुन् । उनकै जीवन कहिले एक्लिँदै र कहिले तिरष्कृत हुँदै र अन्तमा समाजको प्रिय बनेर टुङ्गिएको छ । प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरिएको छ र कथाको उद्देश्य गरिबीलाई देखाउनु रहेको छ ।

## ५.२.४ खडेरी

'खडेरी' कथामा आर्थिक र मानसिक दुवै गरिबीले ग्रस्त निम्न वर्गीय समाजको जीवनदशामा आधारित कथा हो । पाण्डे जो विद्यालयको परिचर हो । उनी पारिवारिक पेटलाई पाल्न दुःखसँग पटक पटक महाभारतको युद्ध लड्छ । परिश्रमको भरमा उनले परिवारको छाक धानेको हुन्छ । किशोरी छोरीलाई रु. १०,००० मा नेवारको घरमा

बन्धकी गरेपछि उनी समाजको नजरमा छोरी बेपारी बन्न पुग्छ । यसरी अभाव, गरिबीको खडेरीलाई कारुणिक ढङ्गबाट कथामा देखाइएको छ । पाण्डे केन्द्रीय सहभागीको रूपमा रहेको यस कथाको दृष्टिबिन्दु द्वितीय पुरुष रहेको छ र आर्थिक र मानसिक गरिबीलाई देखाउनु कथाको उद्देश्य रहेको छ ।

## ५.२.५ फूलको जोवन

फूलको जोवन कथालाई यौवना प्रेमलाई गुराँसको फूलको सौन्दर्यसँग चरम सौन्दर्यमा प्रस्तुत गरिएको छ । प्रेम प्राकृतिक हो, प्रकृतिमा फुल्ने गुराँसको सुन्दरता पनि प्राकृतिक हो । यसरी प्रेमलाई प्रकृतिसँग तादम्य गरिएको छ । जापानमा साकुरा (पैयुँ फूल) फुलेको याममा प्रेमी प्रेमिकाहरू रमाउने, प्रेम साटासाट गर्ने, नव दाम्पत्यहरू हनिमुनको लागि जाने गर्दछ । यस्तै बिम्बलाई यस कथामा देखाइएको छ ।

प्रस्तुत कथा लेखक वा म पात्रले कहँदै लगेकाले तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरिएको पाइन्छ । स्वयम् कथा वस्तुलाई कहने व्यक्ति 'म' पात्र प्रमुख सहभागी हुन् । किशोर अवस्थामा हुने चञ्चल र प्रेमिल प्रेम सम्बन्धलाई कथामा देखाउनु यस कथाको उद्देश्य हो ।

## ५.२.६ साँच्चि नै तर्किला गाउँ फिरी ?

प्रस्तुत कथा उमेर कट्दै गएकी महिलाको एक्लो जीवनको दिनचर्यालाई 'म' पात्रको भेटमा भएको कुराकानीबाट कथावस्तु सम्पन्न गरिएको छ । रोजगारको लागि सहर पसेकी विवाहित जीवन कायम नहुँदाको महिलाको निरस जीवनको यथार्थ प्रस्तुति यस कथामा गरिएकाले निम्न वर्गीय अविवाहित महिलाको समस्यामा आधारित गरिएको कथा हो । प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको यस कथाको उद्देश्य अविवाहित महिलाहरूको कष्टकर र निरस जीवन देखाउनु रहेको छ ।

## ५.२.७ बिरामी नं. १५

कथामा भौतिक सम्पन्नताले मात्र जीवन सफल हुँदैन, मानवीय साथ र ममता पनि महत्त्वपूर्ण र उतिकै आवश्यक रहन्छ भन्ने मानवीय मूल्यलाई विषयवस्तु

बनाइएको छ । यसको अभावमा मान्छे मनोरोगी बन्छन् । प्रगती गर्न सक्दैन । पाश्चात्य मुलुकमा रहेका नेपालीहरूले घर परिवार, आमा बाबु भुलेर काममा यान्त्रिक जीवन बाँचिरहेको हुन्छ । यसको असर उनीहरूको आफन्तलाई कुनै न कुनै रूपमा परेको हुन्छ । जसबाट मनोरोगी बनी आत्महत्या समेत गर्न पुग्छ । यही सन्देश प्रस्तुत गर्न यस कथाको उद्देश्य हो । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथा मेडिकलको क्षेत्रबाट पात्रहरू लिइएको छ । यी पात्रहरू उच्च र शिक्षित वर्गका छन् ।

## ५.२.८ बिच बाटो

'बिच बाटो' कथामा माओवादी द्वन्द्वकालमा श्रीमान् र छोरा गुमाएकी गोमा र कोसीको बाढीले परिवार, खेतीबाली स्वाहा बनाएको 'म' पात्र बिचको घटनालाई विषयवस्तु बनाइएको छ । युद्धले परिवार गुमाएर भौतारिँदै हिँडेकी गोमाले अर्धपागल अवस्थामा बाँचेको 'म' पात्रलाई भेटेपछि उपचार गरी घरमा स्याहार सुसार गरेकी हुन्छे । म पात्रको मनस्थितिमा सुधार भएपछि यी घटना गोमाले पोख्छिन् । म पात्रको अनुहार र गोमाको श्रीमान्‌को अनुहार उस्तै हुन्छ । गोमाले एउटा तस्बिर र यी घटना म पात्रलाई सार्वजनिक गरेपछि कथा सम्पन्न हुन्छ । प्रस्तुत कथा प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको ग्रामीण निम्न जीवनमा आधारित कथा हो । युद्ध र बाढी पीडित क्षेत्रबाट कथाका पात्रहरू लिइएको छ । युद्ध र बाढीपछिको परिणामलाई देखाउने यस कथाको उद्देश्य रहेको देखिन्छ ।

## ५.२.९ शङ्कर काका

'शङ्कर काका' कथामा लाहुरेको उत्तरकालीन जीवनलाई विषयवस्तु बनाइएको छ । मलेसियाको युद्ध लडेर गाउँमा जीवन व्यतित गरिरहेका बुढो लाहुरे दिनहुँ स्थानीय भट्टी पसलमा पुगेर रक्सी पिउने गर्छन् । उमेरको तागतहरू उनीसँग केही हुन्न । घर परिवार पनि कोही हुन्न । अनि भट्टी पसल चलाउने छलिम (किरात राईहरूको माहिली छोरी) नै उनका आफन्त र छलिमले दिने रक्सी दुःख बिर्साउने मलम हुन् । यसरी भूतपूर्व गोर्खा सैनिकहरूको उत्तरकालीन एक्लो र दुःखदायी जीवनलाई देखाउनु

कथाको उद्देश्य रहेको छ । प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको यो कथा सामाजिक यथार्थवादी कथा हो ।

## ५.३ निष्कर्ष

खोलीबुङ हिराधन राईको पहिलो कथासङ्ग्रह हो । खोलीबुङ किरात राई भाषाबाट राखिएको नाम हो । यसको अर्थ जङ्गलको फूल भन्ने हुन्छ । यस सङ्ग्रहभित्र रहेको १६ वटा कथाहरूमध्ये अधिकांश कथामा किराती पात्रहरू छन् भने कथामा पात्रहरूलाई दिइएको भूमिका पनि किराती जीवन संस्कृतिकै छ र ती पात्रहरू बाँचेको भूगोल पनि किराती थातथलो मानिएको पूर्वी नेपालको इतिहासमा माझ किरात भनिने ठाउँहरू नै रहेको छ भने विभिन्न पत्रपत्रिकामा प्रकाशित अन्य कथाहरूमा निम्न वगीय समाज र माओवादी द्धन्दकालका घटना र यसको प्रभावलाई प्रथमिकता दिइएको छ ।

कथाहरूको गुणको आधारमा हेर्दा हिराधन राईका कथाहरू यौन कथा र गैर यौन कथा गरी दुई प्रकारका छन् । ती कथाहरूमा ‘अपराध हात’, ‘रुटिन बदलियो’, ‘तृष्णा’, ‘राजमति चौतारो र रातकी रानी’, ‘सागरमति’ कथाहरू यौन कथा हुन् भने बाँकि कथाहरूको विषयवस्तु विभिन्न क्षेत्र, कालखण्ड, संस्कृति, समाज, प्रेम आदिलाई बनाइएको छ ।

हिराधन राईका कथाहरू भाषिक दृष्टिले सहज, सरल र सम्प्रेषणीय छ । ग्रामीण जीवनका भोगाइ, त्यहीको प्रकृति, संस्कृति, समाज नै कथाको स्रोत भएकाले त्यही सुहाउँदो भाषाको प्रयोग गरिएको छ । कथाकार गाउँमै जन्मेको हुर्केको र लामो समय गाउँकै आँगनमा बिताएकाले उनले कथामा प्रस्तुत गर्न खोजेको विषयवस्तुहरू जीवन्त बनेर आएको छ । त्यसैले उनका यी कथाहरूका विषयवस्तुमा काल्पनिकता छैन भने पात्रहरूमा कृत्रिमता छैन । केही कथाहरूका पात्रमध्ये कथाकार स्वयम् पनि हुन् ।

## ५.४ हिराधन राईका फुटकर कविताहरूको विश्लेषण

हिराधन राईको फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको छ । ती कविताहरूको विवरण २.१० फुटकर सिर्जनाहरू शीर्षकमा दिइएको छ । त्यस्ता कविताहरूमध्ये केही कविताहरूको विश्लेषण तल गरिएको छ ।

## ५.४.१ 'देशको माया कविताको विश्लेषण'

### ५.४.१.१ परिचय

'देशको माया' कविता, दिक्तेल बहुमुखी क्याम्पसबाट प्रकाशन हुने **नयाँ कदम,** वर्ष १६, पूर्णाङ्क २, २०५४ मा प्रकाशित भएको छ । लघु आकारमा रहेको यस कविताको ४५ पङ्क्तिहरूलाई डिमाइ आकारको पत्रिकाको एक पृष्ठमा ठाडो दुई लाइनमा अटाइएको छ ।

### ५.४.१.२ मूलभाव

'देशको माया' कविताको विषयवस्तु नेपालको प्रकृति र देशप्रतिको प्रेम भावना हो । हिराधन राईले देशमा अवस्थित भौतिक प्रकृतिहरू डाँडा, हिमाल, पर्वत, फाँट, जल सम्पदाहरू ताल तलैया, नदी नाला, वन सम्पदामा गुराँस फूल आदिको सौन्दर्यको चित्रण गर्दै अन्तमा देश प्रेमसँग जोडेको छ :

अस्ति मलाई यौटा विदेशीले
मेरो गालामा फुलेको
गुराँस माग्यो ...
शिरमा सगरमाथा
आँखामा मेची महाकाली
मुटुको फेवातालमा
सिङ्गो नेपाल उठ्दोरहेछ ।

वास्तवमा देशको पहिचान, प्राकृतिक बनोट, त्यसभित्रको सौन्दर्य, मानव निर्मित कला, साहित्य, राजनीति, जाति, संस्कृति, भाषा आदि हो । नेपाल यी पक्षसँग समृद्ध छ । कवि हिराधन राईले यस्ता सौन्दर्य, विविधताभित्रको एकताप्रति उच्च गौरव

गर्दै देशको माया प्रकट गरेका छन् । उनी जहाँ गए पनि जहाँ भए पनि देशको माया हुने, मुटुमा राष्ट्रियता र आँखाभरि देशको प्राकृतिक सौन्दर्यसँगै रहने भन्दै आफ्नो देश नै स्वर्ग हो भन्न पुगेका छन् ।

यसरी हिराधन राईको 'देशको माया' कवितामा नेपालको प्राकृतिक सौन्दर्यभित्र देशप्रेमको भावना, राष्ट्रियताको आव्हान आदि अभिव्यक्त भएको छ ।

### ५.४.१.३ दृष्टिबिन्दु

हिराधन राईले प्रकृति छटाहरूले देशको सौन्दर्यलाई सामूहिक रूपबाट सुन्दर बनाएको आफैबाट व्यक्त गरेकोले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको छ । यस दृष्टिबिन्दुबाट देशप्रेम र राष्ट्रियताको भावना व्यक्त गरेको छ ।

### ५.४.१.४ उद्देश्य

हिराधन राईको कविता 'देशको माया' मा देशभित्रको प्राकृतिक बनोट र यसभित्र रहेको प्राकृतिक सौन्दर्य र सौन्दर्यभित्र देशको मायालाई समाहित गरेको छ । त्यसैले यस कविताको उद्देश्य देशप्रतिको माया देखाउनु रहेको छ ।

### ५.४.१.५ भाषाशैली

हिराधन राईको 'देशको माया' कवितामा प्रयोग भएको भाषा सरल छ । सरल भाषाभित्र कविताको भाव सहज रूपमा रहेकाले भाषा सरल भएर पनि कविता सरस बनेको छ । कविताको भाषा व्याकरण क्रम विचलन र आलङ्कारिक हुन्छ । सीमित शब्दहरूमा अनेक भावहरू बाड्नु कविताको विशेषता हो । यो कविता प्रतिभा शक्तिमा भर पर्दछ । सबल कविहरूको गुण यहीभित्र देखिन्छ ।

कवि हिराधन राईको कवितामा पङ्क्तिहरू व्याकरण क्रम विचलित र आलङ्कारिक छ :

अस्ति मलाई यौटा विदेशीले
मेरो गालामा फुलेको
गुराँस माग्यो ...
शिरमा सगरमाथा

आँखामा मेची महाकाली

मुटुको फेवातालमा

सिङ्गो नेपाल उठ्दोरहेछ ।

यसरी हेर्दा हिराधन राईको यो कविता भाषिक प्रयोगको दृष्टिले पनि उपयुक्त नै देखिन्छ ।

## ५.४.२ 'मेरो मान्छे' कविताको विश्लेषण

### ५.४.२.१ परिचय

हिराधन राईको 'मेरो मान्छे' कविता दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलबाट प्रकाशित हुने मुखपत्र **कदम** वर्ष १७, पूर्णाङ्का २, २०५३ मा प्रकाशित भएको छ । ६९ पङ्क्तिको मध्यम आकारको कविता दुई लहरमा एउटै पृष्ठ नं. ३९ मा प्रकाशित गरिएको छ ।

### ५.४.२.२ मूलभाव

हिराधन राईले यस कवितामा ग्रामीण गरिबी जीवन बिताइरहेको ऊ नामक पात्रबाट ग्रामीण गरिबीलाई मूलवस्तु बनाएको छ । उनको कथाहरूका अधिकांश पात्रहरू यिनै वर्ग हुन्छन् । यस कवितामा पनि यस्तै पात्रको जीवन चरित्रलाई प्रस्तुत गरिएको छ । पाखुरी र पसिनाको हरपलले पनि सीमित जमिनको उत्पादनले धान्न नसक्दा जीवन, रातदिन थोरै ज्यालामा भारी बोक्ने थाप्लो र पीठ्यु दुखेको मान्छे गाली र अपमानले छटपटाएको, भोक तिर्खाले तड्पिएको देशको नागरिक उनैको जीवनको कथा भोग्नुपरेको र सम्हाल्नु परेको माथि उल्लेखित जीवनमा विभागहरू नै 'मेरो मान्छे' कविता हो । आज परिश्रम र पसिनाले बाँच्ने स्वाभिमानीहरू यहाँ अपमानित छन् । भ्रष्टाचार, ठग ठेकेदारहरू राजनीतिक दलको सम्मान र संरक्षणमा छन् । देश यही विकरालमा फसेको बेला कवि गरिब र स्वाभिमानी नागरिक पक्षमा छन् :

अभाव नै अभावमा बाँच्ने मान्छे
ऊ मेरो गाउँको मान्छे ...
यो देशको सम्मानित
नागरिक मान्छे
खबरदार !

कसैले नहेप

ऊ मेरो गाउँको मान्छे ।

### ५.४.२.३ दृष्टिबिन्दु

ऊ पात्रको गरिब जीवनको पूर्व अंशलाई कवितामा ऊ तृतीय दृष्टिबिन्दुको माध्यमबाट भनिएकाले तृतीय दृष्टिबिन्दुको प्रयोग यो कवितामा गरिएको छ । यस दृष्टिबिन्दुको माध्यमबाट किसान, मजदुर, गरिब जो परिश्रमी स्वाभिमानी र साँचो छ उसलाई सम्मान र प्रेम गर्नुपर्छ भन्ने विचार राखिएको छ ।

### ५.४.२.४ उद्देश्य

निम्न वर्गीय अभावपूर्ण र अपमानित जीवनको पीडा, दुःख, सङ्घर्षलाई देखाउनु यस कविताको उद्देश्य रहेको छ ।

### ५.४.२.५ भाषाशैली

'मेरो मान्छे' कवितामा हिराधन राई सरल भाषाको प्रयोग गरेका छन् । भाषिक सरलता कवि राईको कविताको विशेषता नै हो । सरल भाषा भए पनि कविताको विषयवस्तु र भावले कवितालाई सरस बनाएको छ :

अभाव नै अभावमा बाँच्ने मान्छे

ऊ मेरो दिलको मान्छे ।

आउने दिनमा खान पाउने

आश्वासन पस्किरहन्छ

यो अभावग्रस्त छाप्रोको

धेरै माया छ उसलाई ....

यसरी यो कवितामा प्रयोग भएको भाषा सरल छ । कविताको भाषालाई सहज र सिधा रूपमा व्यक्त गरेको छ भने शैली विश्लेषणात्मक रहेको छ ।

## ५.४.३ 'भोक, नयाँ वर्ष र एक छाक' कविताको विश्लेषण

### ५.४.३.१ परिचय

प्रस्तुत कविता **नयाँ कदम** वर्ष २१, पूर्णाङ्क ४, २०५८ पृष्ठ १२३ मा प्रकाशन भएको छ । यो कविताको जम्मा पङ्क्ति ५४ रहेको छ । एकै पृष्ठमा दुई ठाडो लहरमा राखिएको यो कविता मध्यम आकारको छ ।

### ५.४.३.२ मूलभाव

'भोक, नयाँ वर्ष र एक छाक' कविता अभावले ग्रस्त जीवनको चित्रण हो । यी सन्दर्भलाई आलाङ्कारिक रूपबाट प्रस्तुत गरिएको छ । आवश्यकता परिपूर्ति गर्न किनबेच गरिने बजारमा गरिबहरूसँग किन्ने न पैसा हुन्छ न बेच्ने वस्तु नै हुन्छ । त्यस्ता बजारहरूको महत्त्व हुन्न । ऊसँग अभाव, भोग गरिबी मात्र हुन्छ । यो मानव जीवनको कुनै खालका सम्पत्ति हैन । यसले उसको व्यक्तित्व विकासलाई पटक पटक थला पार्छ । जीउनुको कुनै औचित्य हुन्न । सुख र खुसीले उसलाई छुँदैन । यस्ता कारुणिक जीवनको चित्रण कलात्मक रूपमा यहाँ प्रस्तुत गरिएको छ :

उसले एउटा चिज
नबेची नहुने थियो
बर्सौंदेखि जोगिँदै आएको
पापी भोगलाई ।

यसरी गरिबीपूर्ण दयनीय जीवनको पीडालाई यो कवितामा प्रस्तुत गरिएको छ ।

### ५.४.३.३ दृष्टिबिन्दु

यो कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस दृष्टिबिन्दुको माध्यमबाट अभावले ग्रस्त जीवन दु:खद र मूल्यहीन हुन्छ भन्ने विचार राखिएको छ ।

### ५.४.३.४ उद्देश्य

प्रस्तुत कवितामा गाउँका गरिबीपूर्ण कारुणिक जीवन देखाएको छ । यही कविताको मूल उद्देश्य रहेको देखिन्छ ।

### ५.४.३.५ भाषाशैली

कवि हिराधन राईले यो कवितामा प्रयोग गरिएको भाषा सरल छ । यस्ता सरल भाषामा कविताको विषयवस्तुलाई आलाङ्करिक रूपबाट प्रस्तुत गरिएको छ जस्तै :

भोक किन्न कोही आएन
भोकको मूल्य सोध्न कोही आएन

हाटबजार उठ्यो

चौर शून्य भयो ।

उसले पनि मनभरि फिँजाएको

आफ्नो दोकान

दिलभरि उठायो

पोहर साल झैँ

यो सालको सुरुको दिन

नयाँ वर्ष

यो वर्ष पनि

उसको भोक बिक्री भएन

उसले

एक छाक किन्न सकेन

यसरी हिराधन राईका यो कवितामा भाषिक समायोजन गरेको छ ।

हिराधन राईका कविताहरूको सङ्ग्रह नभए पनि फुटकर रूपमा दुई दर्जन बढी प्रकाशित भएको छ । उनका कवितामा विभिन्न घट्नासन्दर्भ विषयलाई विषयवस्तु बनाएको छ । उनका कविताका भाषा सरल र सरस छ । उनले कविताको विषयवस्तुलाई वर्णनात्मक रूपमा प्रस्तुत गरेका छन् ।

# छैटौँ परिच्छेद

# हिराधन राईका कथागत प्रवृत्ति

हिराधन राईले कथाका साथै कविता पनि लेखेका छन् । यसरी हेर्दा उनको लेखनको क्षेत्र कविता र कथा गरी दुई विधा रहेको छ । उनका फुटकर रूपमा लेखेका र प्रकाशित भएका कविताहरू दर्जन जति छन् भने एक कथासङ्ग्रह, विभिन्न पत्रिका प्रकाशित दर्जन फुटकर कथा र अर्को प्रकाशोन्मुख कथासङ्ग्रह छन् । यहाँ उनको कथाहरूको प्रवृत्ति राखिएको छ ।

## ६.१. यौन मनोविश्लेषण

कथाकार हिराधन राईको कथाहरूमध्ये 'अपराधी हात', 'रुटिन बदलियो', 'सागरमति', 'कुकुरदेखि सावधान', 'पच्चिस वर्ष', 'राममति चौतारो र रातकी रानी' लगायतका कथामा मानवीय यौन चाहना र यौन विकृति दुवैलाई प्रस्तुत गरिएको छ । उनका यौन सम्बन्धी कथाहरूमा मानवीय यौन मनोविज्ञानलाई विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । उनका यौन कथाभित्रका पात्रहरू यौवनकालदेखि आधावैंशेसम्मका छन् । यी पात्रहरूमध्ये माहिला पात्रहरू यौनधन्दामा जुट्नको कारण गरिबीलाई देखाएको छ । उनीहरू गरिबीको कारण यौनधन्दा बाध्यताले गर्नुपरेको छ भने पुरुष पात्रहरू यौन तृष्णा मेटाउनको लागि त्यस्ता ठाउँमा जाने गरेको छ । यसैगरी राईका यौनकथामा यौनकुण्ठा र त्यसले मानव मस्तिष्कमा परेको प्रभावलाई पनि देखिएको छ । यस्ता प्रवृत्तिका कथाहरू 'तृष्ण' र 'पच्चिस वर्ष' छन् । समग्रमा यी यौन कथाहरूले मानवीय यौन चरित्रलाई सफलताको साथ स्पष्ट पारेको छ :

> रुक्मिनी अस्त व्यस्त सुतिरहेकी थिइन । .... उनको उन्नत छाती पनि ब्रोसियरमा च्यापिएर बाहिरको हावासँग जिस्कँदै थियो (पृ. १२५)
>
> छि ! सर पनि .... भन्दै मुस्कानसँग पालैपालो होटलको प्रत्येक कोठामा यो अपूर्ण वाक्यको साथमा सागरमति उपस्थित हुन्छे (पृ. ६२) ।

कथाकारले अश्लील विषयवस्तु भए पनि भाषाको माध्यमबाट घटनालाई श्लील बनाएको छ । पाठकलाई अश्लील घटनाबाट नेपाली चेलीहरूमा भएको बाध्यताजन्य समस्याबारे बोध गराएको छ ।

## ६.२ यौन व्यवस्थापनको चाहना

हिराधन राईका यौन कथाहरूभित्र यौन विकृति नभएर गरिबीको समस्यालाई देखाएको छ । 'सागरमति' कथाकी सागरमति लङ्गडा भाइ र वृद्ध आमा पाल्न वैशको साइनबोर्ड राखेर होटलमा सदरमुकामका विभिन्न हाकिमहरूलाई आकर्षण गरेको छ भने 'राममति चौतारो र रातकी रानी' कथामा कल्कलाउँदो राममतिले बटुवाहरूलाई आँखा र शरीरको तिर्खा वैश र जाँडले मेटाउने गरेकी छे । यसरी माहिलाको यौन पेसा गरिबीबाट मुक्त हुन वा जीवन सञ्चालनको रूपमा आएको छ । जस्तै :

> विजेताहरू होटलको प्रत्येक कोठामा आफ्नो विजयोत्सव मनाउँछन् । .... सागरमति, किनभने वृद्ध आमा, दमको रोगी र अपाङ्ग भाइ र आफुसमेत बाँच्नको उसैबाट निर्मित नियम हो यो । ... उसलाई थाहा छ, अब के गर्नुपर्छ, कस्तो बन्नुपर्छ भन्ने कुरा (पृ. ६४)

## ६.३ उपमानको रूपमा प्रकृतिको चित्रण

हिराधन राईको कथाहरू प्रकृतिको चित्रण गर्न हैनन् । उनका कथाहरूमा भएको प्रकृतिको सानदार उपस्थित हुन्छ । जसको कारण कथावस्तुको मर्म र भावना उदिप्त भएको हुन्छ । उनको कथामा यौवनको कुरा आउँदा गुराँस फुलेको हुन्छ । मृत्युको घटना आउँदा अँध्यारो साँझहरूको डरलाग्दो उपस्थिति हुन्छ । गुमाउँदै लगिएको प्रिय वस्तुको प्रसङ्ग आउँदा साँझ जङ्गल र भ्याउकिरीको धुन आउँछ । यसरी हिराधन राईले आफ्नो कथाहरूमा प्रकृतिलाई उपमानको रूपमा उपस्थित गराएको छ ।

## ६.४ सांस्कृतिक प्रेम

हिराधन राईका कथाहरूमा विभिन्न क्षेत्र, वर्ग, जाति, धर्म, लिङ्ग तथा गैर मानवहरू आदिलाई सहभागी गराइ कथामा विभिन्न भूमिका निर्वाह गराइएको छ । यस्ता सहभागीहरूमध्ये मुख्य सहभागीको चरित्र कुनै न कुनै संस्कृतिबाट सञ्चालित

भएका हुन्छन् । 'खोलीबुङ' कथाकी खोलीबुङ, राई संस्कृतिबाट परिचालित चरित्र हुन् भने 'राममति, चौतारी र रातकी रानी' कथाकी राममति जनजाति संस्कृतिका हुन् । यसै गरी 'रुटिन बदलियो' कथाको देवेन्द्र र सुशिला, 'अजम्बरी फूल'की निमा हलेसी दर्शन गएको छ । यसले उनीहरूको धार्मिक विश्वास र आस्थाको संस्कृतिलाई देखाएको छ ।

## ६.५ चोखो प्रेमप्रति सम्मान

हिराधन राईको कथामा उठाइएको प्रेमसन्दर्भ पवित्र र सम्मानित छन् । उनका कथामा प्रेमी प्रेमिकाले एकले अर्कालाई धोका, स्वार्थ, शोषण गर्दैन । उनीहरू एक अर्काप्रति शिष्ट र अनुशासित हुन्छन् । यस्ता कथाहरू 'खोलीबुङ', 'अजम्बरी फूल' हुन् । 'अजम्बरी फूल' कथाका सार्थक र निमा बिच आएको प्रेमिलताको उदाहरण :

> दुई चार घण्टाको भेटघाटले जन्मजन्मान्तरको सम्बन्ध स्थापित हुन लागे झैँ मलाई पनि कता कता महसुस भइरहेछ (पृ. ४६) । .... बाँचेमा अर्को साल फेरि तपाईंको हलेसी तीर्थ आउनेछु (पृ. ५१) ।

## ६.६ द्वन्द्वको प्रभाव

हिराधन राईका कथाहरूमा आएका द्वन्द्वहरूमा आन्तरिक द्वन्द्व, सामाजिक द्वन्द्व र राजनैतिक द्वन्द्व गरी तिन प्रकृतिका छन् । यी द्वन्द्वहरूमध्ये आन्तरिक र सामाजिक द्वन्द्व प्रत्यक्ष रूपमा देखाइएको छ भने राजनैतिक द्वन्द्वमा भने राजनैतिक द्वन्द्वको प्रभावलाई देखाइएको छ :

आन्तरिक द्वन्द्व : मनमा अरू अशुभ आशङ्काहरू थपे । .... हे भगवान् ! यो माझ किरातको सोझा किरातहरूको रक्षा गरिदिनुहोस् । खोलीबुङलाई सकुशल घर फिर्ता गराइ दिनुहोस् ।

सामाजिक द्वन्द्व : भद्रमानले किटानी जाहेरी दिइ सके रे, सनमानले वारदात स्थलमा रहेको रुमाल र चप्पल उसैको हो भनी थप प्रमाण सहित साक्षी बक्यो रे ...? (पृ. १३) ... रविशङ्कर यस गाउँको मात्र नभएर यसै क्षेत्रको हिंस्रक पुरुष हो (पृ. १५) ।

राजनैतिक द्वन्द्व : “तिमीहरू माओवादी हौ” भनियो । हो होइन, प्रमाण खोजिएन, अनुसन्धानको आवश्यकता महसुस गरिएन । पालैपालो गोलीको निशाना बनाइयो । गाउँभरि हाहाकार मच्चियो, दोहोरो भिडन्त हो भनेर । सिमाले पनि बन्दुक पड्केको सुनेकी थिइ तर त्यो गोलीको निशाना आफ्नै दाज्यु हो भनेर के थाहा ।

## ६.७ धार्मिक आस्था र विश्वास

हिराधन राईका पात्रहरू धार्मिक आस्था र विश्वास राख्छन् । उनका यस्ता कथाहरू ‘रुटिन बदलियो’ र ‘अजम्बरी फूल’ हुन् । रुटिन बदलियो कथाका मुख्य सहभागी सुशिला र देवेन्द्रको सन्तान नभएपछि हलेसी महादेवको दर्शन गरी सन्तानको वर मागेका छन् र पछि सन्तान भएको छ भने अजम्बरी फूलका पात्र निमा हलेसी महादेवको दर्शन गरेर फर्केकी छिन् । यसरी हिराधन राईका कथाहरू धार्मिक आस्था र विश्वासमा आधारित छन् । यो अर्को प्रवृत्ति मान्न सकिन्छ ।

## ६.८ ग्रामीण जीवनको पदार्पण

हिराधन राईका कथाहरूमध्ये ‘राममति, चौतारी र रातकी रानी’, ‘सागरमति’, ‘फूल र पथ्थरको आँसु’, ‘फेरि अर्को आरोहण’ यी कथाहरू ग्रामीण जीवन परिवेशका कथाहरू हुन् । उनका यस्ता कथाहरूमा ग्रामीण भूगोल, संस्कृति, पेसा, सम्बन्ध, व्यवहार, खानपान आदिलाई प्रस्तुत गरिएको छ । हिराधन राईले यस्ता सन्दर्भहरूलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् । जस्तै :

> म ढुङ्गामा बसिरहेको छु । सङ्खु, हाबु, दम्कु र छिप्तीका केटाहरू दहमा पौडी खेलिरहेका छन् । कति आनन्द छ उनीहरूमा । लाहुर जाने कुरा गर्छन्, लाहुर नलागे अरब जाने, अरब जान पनि नसके सिलाङ कोइला काट्न जाने योजना रमाइ रमाइ एक अर्कालाई सुनाउँछन् (पृ. ४) ।

## ६.१.९ राजनीतिप्रति व्यङ्ग्य

हिराधन राईले कथामा व्यङ्ग्यको पनि प्रयोग गरेको छ । उनले गरेको व्यङ्ग्य हास्यको लागि नभएर राजनीति विकृतिप्रतिको असहमतिको रूपमा प्रयोग गरेका छन् ।

उनको व्यङ्ग्यमा राजनीति राष्ट्रको लागि वैचारिक आवश्यकता नभइ अवसर र स्वार्थ प्राप्तिको लागि उपयोग भएको प्रति उनको असहमति रहेको छ। यस्ता घटनाप्रति नै उनले व्यङ्ग्य प्रहार गरेका छन्। उनको व्यङ्ग्यमा हास्य, गाली गलौज छैन। उदाशिन राजनीतिभित्र ग्रामीण गरिबीको तिक्त यथार्थता आएको छ :

> मस्तराम अबिरबाट रङ्गिए र स्वतन्त्रप्रेमी महान् कविमा पदोन्नति भए। ... कविजीमा नयाँ नयाँ सपनाहरू थपिए, सङ्ग्रह प्रकाशन गर्ने र विमोचनको सपना (पृ. ३९)।

हिराधन राईका कथाहरूमा मुख्य गरेर यिनै प्रवृतिहरू रहेको छ। उनका कथाहरू सरल छन्। उनका कथाका पात्रहरूले साधारण र स्वभाविक जीवन गुजारा गरेका छन्। विषयवस्तु, पात्र र भूमिका र भाषाको उचित समायोजन गरिएको छ। यसरी उनका कथा लेखनमा विभिन्न प्रवृत्तिहरू भेटिन्छ।

# सातौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

खोटाङ जिल्लामा जन्मेका हिराधन राईको विषयमा साहित्यिक व्यक्तिको रूपमा अध्ययन गरिएको छ। उनका विभिन्न फुटकर कथा, कविताका अतिरिक्त **खोलीबुङ** कथासङ्ग्रह प्रकाशन भइसकेको छ। उनले आफ्नै गाउँका चम्पातवी मा.वि.बाट शिक्षा आर्जन गरी धरान क्याम्पसबाट स्नातकसम्मको अध्ययन सम्पन्न गरेका छन्। उनले शिक्षण क्षेत्र तथा निजामती सेवाको क्षेत्रमा केही समय जागिरे जीवन व्यतित गरे। उनको क्याम्पस तहमा अध्ययन गर्दाको राजनीतिलाई जागिरे जीवनको अन्त्यपछि पनि निरन्तरता दिए। हाल उनी राजनीतिक क्षेत्रबाट निस्कृय रही साहित्य साधनामा तल्लिन भएका छन्। उनको विषयमा गरिएको अध्ययनको सारांश तल उल्लेख गरिएको छ।

प्रस्तुत अध्ययनलाई छ परिच्छेदमा विभाजन गरिएको छ। ती परिच्छेदहरूमा उनका जीवनी, व्यक्तित्व, कृतिको विश्लेषण तथा उनको साहित्यिक कृतिलाई यहाँ केलाइएको छ। परिच्छेद एकमा शोध प्रस्ताव, पूर्वकार्य समीक्षा र शोध विधि राखिएको छ। परिच्छेद दुईमा उनको जीवनीको विभिन्न क्षेत्रलाई विस्तृत रूपमा अध्ययन गरिएको छ। तेस्रो परिच्छेदमा उनका विभिन्न व्यक्तित्वका पाटोहरूलाई प्रस्तुत गरिएको छ। चौथो परिच्छेदमा उनको साहित्यिक यात्राको विभिन्न चरणहरू निर्धारण गरिएको छ। पाँचौं परिच्छेदमा तत्वका आधारमा उनका कथाहरूको विश्लेषण गरिएको छ भने छैटौं परिच्छेदमा उनका प्रवृत्तिहरूलाई उनकै सिर्जनाका आधारमा राखिएको छ। यसरी हिराधन राईको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा यस शोधपत्रमा अध्ययन गरिएको छ।

## ७.१ निष्कर्ष

हिराधन राईले कथा र कविता गरी दुई साहित्यको विधामा आफ्नो उपस्थिति देखाएका छन् । नेपाली साहित्यको विधागत इतिहासमा हेर्दा कथा अन्तर्गत कथाको आधुनिक इतिहासको उनको योगदान रहेको छ भने कविताको इतिहास अन्तर्गत आधुनिक कविताको इतिहासको उनको योगदान रहेको छ । हिराधन राईका कथाहरू वि.पि.ले प्रवर्तन गरेको यौन मनोवैज्ञानिक धारा र गुरूप्रसाद मैनालीले प्रवर्तन गरेको सामाजिक यथार्थवादी धारा गरी दुई धारामा आधारित रहेको छ भने कविता लक्ष्मीप्रसाद देवकोटाले प्रवर्तन गरेको स्वच्छन्दतावादी धारामा आधारित रहेको छ । यसरी हेर्दा उनको धारागत योगदान यी तिन धारामा रहेको छ ।

हिराधान राईले स्कुले जीवनकालमा कम्युनिस्ट राजनीति गरेका थिए भने जागिरे जीवनको समाप्ती भएपछि पनि तिनै विचारधाराको राजनीति गरे । उनी राजनीतिको क्षेत्रमा जिल्ला सदस्य समेत रहेका थिए ।

हिराधन राईले शिक्षण क्षेत्र र प्रशासनिक गरी दुई क्षेत्रमा काम गरेका छन् । वि.सं. २०३१ सालमा हवाइ विभागमा फायर स्टेसनमा फायर अफिसर भएर सेवा गरे । डेढ वर्षपछि उनी आफ्नै गाउँको विद्यालय चम्पावतीमा शिक्षक भएर अध्यापन गरे । यसरी उनको राजनैतिक तथा प्रशासनिक योगदान रहेको छ ।

मानव स्वभावैले सामाजिक प्राणी हो तापनि सबैले सामाजिक क्षेत्रमा योगदान गर्न सक्दैन । उनले आधा दर्जन वर्ष जागिरे जीवन सञ्चालन गरे पश्चात् गाउँमै रहेर सामाजिक कामहरूमा संलग्न भए । उनमा राजनैतिक र प्रशासनिक दुवै अनुभव भएकाले गाउँमा आइपर्ने समस्यामा उनको महत्त्वपूर्ण भूमिका रहन्थ्यो । यसका साथै विभिन्न सङ्घ संस्थालाई आर्थिक सहयोग पनि उपलब्ध गराएका छन् । हाल उनी काठमाडौँमा स्थायी बसोवास गर्दैआएका छन् । उनले साहित्य सिर्जना गर्नुका साथै सामाजिक सेवामा आज पनि सेवारत छन् । त्यसैले उनले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान उल्लेखनीय नै रहेको छ ।

यसरी एक हिराधन राई अनेक उनका जीवनका मोडहरू, लेखनका विधा र प्रविधिहरू र योगदानलाई प्रस्तुत गरिएको छ ।

# सन्दर्भसामग्रीसूची


थुलुङ्ग चमा, “साहित्य : खोटाङका सन्दर्भमा बुइपा”, **गोरेटो**, (वर्ष १, अङ्क १, २०५६), पृ. १–८ ।

प्रधान, परशु, “खोलीबुङभित्रका सुन्दर फूलहरू”, **खोलीबुङ**, कतार : खोटाङ सेवा समाजका लागि अर्जुन देव राई, २०६५ ।

प्रधान, परशु, **जिन्दगीका मोडहरू,** काठमाडौँ : शमी सम प्रकाशन, २०७१ ।

राई, वेदीकुमार, , **नेपाली साहित्यमा खोटाङ जिल्लाको योगदान**,

राई, हिराधन, “रुटिन बदलियो”, **समय**, (वर्ष २, अङ्क, २०५९), पृ. ५-७ ।

_________, “बन्द कोठाबाट”, **सगरमाथा वाङ्मय**, (वर्ष १, अङ्क १, २०६८), पृ. ५५-६० ।

_________, “बिरामी नं. १५”, **नारीश्वर**, (वर्ष ६, पूर्णाङ्क १८, २०६८), पृ. १९-२६ ।

_________, “फूलको जोवन”, **मधुपर्क**, (वर्ष ४५, अङ्क ३, पूर्णाङ्क ५१८, २०६९), पृ. ४१-४४ ।

_________, “खडेरी”, **स्रष्टा दर्पण**, (वर्ष ५, अङ्क २, पूर्णाङ्क १७, २०७०), पृ. ५-८ ।

_________, “साँच्चिकै तर्किला गाउँ फिरी”, **रावासावा** (स्मारिका, २०७०), पृ. २०-२४ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

सिंह, तोपबहादुर, **नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू**, काठमाडौँ : पैरवी प्रकाशन, २०६६ ।

सुवेदी, धनप्रसाद, “खोटाङ्गे साहित्य : संक्षिप्त आँकलन”, **समय**, ( वर्ष १, अङ्क १, २०५९), पृ. २–६ ।

_________, **खोटाङ जिल्ला विगत र वर्तमान**, काठमाडौं : रावासावा प्राज्ञिक समाज, २०६६ ।

_________, “खोटाङ जिल्लाको साहित्य”, खोटाङ महोत्सवमा प्रस्तुत कार्यपत्र, २०६९ ।

सुवेदी, यादेवी, **खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०६५ ।